# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, मंसिर २७ गते, २०८० साल (संख्या ११


# भाग-२

## कर्णाली प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

## सूचना

### कर्णाली प्रदेश वन नियमावली, २०८०

कर्णाली प्रदेश वन ऐन, २०७८ को दफा ८४ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश वन नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “ऐन” भन्नाले कर्णाली प्रदेश वन ऐन, २०७८ सम्झनु पर्छ।

(ख) “काठ” भन्नाले दुई फिट वा सोभन्दा बढी लम्बाइ र एक दशमलव पाँच फिट वा सोभन्दा बढी गोलाइ भएको चिरानको रुपमा जान सक्ने गोलिया काठ सम्झनु पर्छ र सो शब्दले खयर प्रजातिको हकमा जतिसुकै आकार वा नापको काठलाई समेत जनाउँछ।

(ग) “दहत्तर बहत्तर” भन्नाले नदी वा खोलाले बगाई ल्याएको, किनारा लागेको, अड्केको वा डुबेको वा पुरिएको काठ, दाउरा सम्झनु पर्छ।

(घ) “दाउरा” भन्नाले दुई फिटभन्दा कम लम्बाइ र एक दशमलव पाँच फिटभन्दा कम गोलाइ भएको गोलिया काठ सम्झनु पर्छ र सो शब्दले एक दशमलव पाँच फिटभन्दा बढी गोलाइ भए तापनि धोद्रो वा सडेको वा मक्किएको भई चिरानको रुपमा जान नसक्ने खयर बाहेकको गोलिया काठलाई समेत जनाउँछ।

(ङ) “परिषद्” भन्नाले ऐनको दफा ६० को उपदफा (१) बमोजिमको संरक्षित भू-परिधि व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(च) “बल्लाबल्ली” भन्नाले एक दशमलव पाँच फिटदेखि दुई दशमलव पाँच फिटसम्म गोलाइ भएको र छ फिटभन्दा बढी लम्बाइ भएको गोलिया काठ सम्झनु पर्छ।

(छ) “वार्षिक स्वीकार्य कटान” भन्नाले वनको वृद्धि मौज्दात (ग्रोइङ्ग स्टक) र वार्षिक उत्पादन क्षमता (एनुअल यील्ड) को आधारमा निर्धारण गरी कार्ययोजनामा उल्लेख भएको वार्षिक कटान गर्न सकिने वन पैदावरको परिमाण सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ज) "विधान" भन्नाले वन उपभोक्ता समूहको विधान सम्झनु पर्छ।

(झ) "विभाग" भन्नाले नेपाल सरकार मातहतको वन तथा भू-संरक्षण विभाग सम्झनु पर्छ।

(ञ) "रणनीतिक योजना" भन्नाले वन व्यवस्थापनको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, विषयगत क्षेत्रका मुख्य कार्यक्रमहरु, संस्थागत संरचना, स्रोत साधनको प्रबन्ध र अनुमगन प्रणाली समेत समेटी समग्र रुपमा वन, वन्यजन्तु, चराचुरुङ्गी, जलाधार, जैविक विविधता, सिमसार क्षेत्रसमेत समेटिएको दीर्घकालीन स्वरुपको, कार्यान्वियनमा सहजिकरण गर्न अधिकार र जिम्मेवारीमा स्पष्टता ल्याउने गरी तर्जुमा गरिएको वन क्षेत्रको योजना सम्झनु पर्छ।

(ट) "रोयल्टी" भन्नाले वन पैदावार बिक्री र कबुलियती वनको प्रयोग गरे बापत प्रदेश सरकारलाई प्राप्त हुने रकम सम्झनु पर्छ र सो शब्दले वन पैदावार प्रयोग गरे बापत प्रदेश सरकारलाई तिर्न, बुझाउन पर्ने शुल्क, महसुल, दस्तुर र मूल्यलाई समेत जनाउँछ।

(ठ) "समिति" भन्नाले नियम ६ बमोजिमको जिल्ला वन पैदावार आपुर्ती समिति सम्झनु पर्छ।

(ड) "संघीय वन नियमावली" भन्नाले वन नियमावली, २०७९ सम्झनु पर्छ।

(ढ) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको वन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ण) "सङ्गठित संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका उपभोक्ता समूह, सङ्घ, संस्था, उद्योग, कम्पनी, फर्म वा सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारले ऐनको उद्देश्य हासिल गर्ने गरी वन व्यवस्थापन, वृक्षारोपण, वन उद्यम, वन पैदावारको आपूर्ति वा वन

आन्तरिक मामिला तथा कानून मन्त्रालय

विकासका लागि स्थापना गरेको संस्थागत संरचनालाई समेत जनाउँछ।

## परिच्छेद-२

## प्रदेशभित्रको राष्ट्रिय वन सम्बन्धी व्यवस्था

३. **रणनीतिक योजना तयार गर्नु पर्नेः** (१) मन्त्रालयले प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्न रणनीतिक योजना तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको रणनीतिक योजनामा अनुसूची-१ मा उल्लेख भएका विषय समावेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम तयार गरिएको रणनीतिक योजना प्रदेश सरकारबाट स्वीकृत गराउनु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्न रणनीतिक योजना तयार गरेको अवस्थामा त्यस्तो रणनीतिक योजना बमोजिम प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्नु पर्नेछ।

४. **डिभिजन वन स्तरीय रणनीतिक योजना तयार गर्नु पर्नेः** (१) डिभिजनल वन अधिकृतले नियम ३ बमोजिम स्वीकृत रणनीतिक योजनाको अधिनमा रही आफ्नो क्षेत्रभित्रको प्रदेशभित्रको राष्ट्रिय वनको रणनीतिक योजना अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको योजना प्रदेश वन निर्देशकको सिफारिसमा मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

५. **अन्तर प्रादेशिक वनको व्यवस्थापन योजना तयार गर्नु पर्नेः** (१) नेपाल सरकारले स्वीकृत गरेको अन्तर प्रादेशिक वनको रणनीतिक योजनाको अधीनमा रही मन्त्रालयले आफ्नो क्षेत्रभित्र पर्ने अन्तर प्रादेशिक वनको व्यवस्थापन गर्न सो सम्बन्धी योजना तयार गर्न पर्नेछ।

(२) उपनियम (१) बमोजिमको योजनामा अनुसूची-३ मा उल्लेख भएका विषय समावेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम तयार गरिएको योजना प्रदेश सरकारबाट स्वीकृत गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम स्वीकृत अन्तर प्रादेशिक वन व्यवस्थापन योजनाको कार्यान्वयन डिभिजन वन कार्यालयले गर्नेछ।

(५) अन्तर प्रादेशिक वनको वन पैदावारको सदुपयोग हस्तान्तरण भएको सामुदायिक वन वा कबुलियती वनको हकमा सम्बन्धित वनको कार्ययोजना बमोजिम र हस्तान्तरण नभएकोमा यस नियमावलीको परिच्छेद-३ मा व्यवस्था भए बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद-३

## वन पैदावारको सदुपयोग, बिक्री वितरण, ओसार पसार र आपुर्ति सम्बन्धी व्यवस्था

६. **जिल्ला वन पैदावार आपुर्ति समितिः** (१) जिल्लामा स्थानीय जनतालाई काठ, दाउरा बिक्री वितरण तथा आपुर्ती गर्न सुर्खेत, दैलेख, सल्यान र जुम्ला जिल्लामा देहाय बमोजिमको एक जिल्ला वन पैदावार आपुर्ति समिति रहनेछः-

(क) डिभिजनल वन अधिकृत - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति - सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक वा ईकाई कार्यालय - सदस्य

(ङ) वन अधिकृत - सदस्य- सचिव

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एकभन्दा बढी डिभिजन वन कार्यालय भएको जिल्लामा वरिष्ठ डिभिजनल वन अधिकृत समितिको अध्यक्ष रहनेछ र कनिष्ठ डिभिजनल वन अधिकृत त्यस्तो समितिको सदस्य रहनेछ।

(३) समितिले देहायको प्रयोजनको लागि अनुसूची -४ बमोजिमको परिमाणमा नबढ्ने गरी काठ दाउराको बिक्री वितरणको व्यवस्था गर्नेछः-

(क) विपद्मा परेका परिवारको घर गोठ निर्माण तथा पुनर्निर्माण,

(ख) घरकाजको रुपमा घर निर्माण तथा मर्मत सम्भार,

(ग) किसान परिवार वा कृषक समूहले निर्माण तथा उपयोग गर्ने कृषि औजार,

(घ) धार्मिक तथा सांस्कृतिक कार्य र पुरातात्त्विक सम्पदाको निर्माण तथा पुनर्निर्माण,

(ङ) शीतलहर वा हिमपात भएको समयमा सार्वजनिक स्थानमा न्यानो कार्य,

(च) शव दाहसंस्कार, वा

(छ) जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्य।

(४) समितिले काठ, दाउरा बिक्री वितरणको लागि जिल्ला सदरमुकाम र उपभोक्तालाई पायक पर्ने गरी अन्य ठाउँमा डिपो राख्नु पर्नेछ।

(५) समितिले विपद्मा परेको व्यक्तिलाई सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा वन पैदावार बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ।

(६) समितिबाट काठ, दाउरा प्राप्त गर्ने व्यक्ति वा निकायले जुन प्रयोजनको लागि काठ, दाउरा प्राप्त गरेको हो सोही प्रयोजनमा उपयोग गर्नु पर्नेछ। यसरी प्राप्त गरेको काठ, दाउरा बिक्री वितरण गर्न पाइने छैन।

(७) समितिले काठ, दाउराको बिक्री वितरण व्यवस्थित गर्न वार्षिक कार्ययोजना तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ र मन्त्रालयबाट स्वीकृत भएपछि लागू गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिम वार्षिक कार्ययोजना तयार गर्दा एक भन्दा वढी डिभिजन वन कार्यालय भएको जिल्लामा सम्बन्धित डिभिजन वन कार्यालयको क्षेत्रभित्रका स्थानीय जनतालाई त्यस्तो डिभिजन वन

कार्यालयको क्षेत्रभित्रबाट नै काठ दाउरा बिक्री वितरण र ओसार पसारको व्यवस्था मिलाउने गरी गर्नु पर्नेछ।

(९) समितिले बिक्री वितरण गरेको काठ, दाउरा बढीमा पैंतालिस दिनभित्र उठाई लैजानु पर्नेछ।

(१०) समितिको घाटगद्दीमा रहेको कुनै काठ, दाउरा दुई वर्षसम्म पनि बिक्री नभएमा सो समितिले प्रदेश वन निर्देशकको सहमति लिई त्यस्तो काठ, दाउरा लिलाम बिक्री गर्न सक्नेछ।

(११) समितिले बिक्री वितरण गरेको काठ, दाउराको विवरण र अन्य भए गरेका कामको वार्षिक प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(१२) समितिले प्रदेश सरकार र मन्त्रालयले दिएको निर्देशन पालना गर्नु पर्नेछ।

७. <u>समितिलाई काठ, दाउरा उपलब्ध गराउने</u>: (१) डिभिजनल वन अधिकृतले अनुसूची-५ बमोजिमको मूल्य र सङ्कलन खर्च लिई स्थानीय मागका आधारमा समितिलाई एकमुष्ट वा विभिन्न लटमा काठ, दाउरा उपलब्ध गराउनु पर्नेछ।

(२) स्वीकृत कार्ययोजना बमोजिम काठ, दाउरा प्राप्त हुन नसक्ने जिल्लालाई मन्त्रालयले सम्बन्धित प्रदेशभित्रका काठ, दाउरा उपलब्ध हुन सक्ने कुनै अन्य जिल्लाबाट काठ, दाउरा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रदेशभित्रका जिल्लाबाट काठ, दाउरा उपलब्ध हुन नसक्ने भएमा मन्त्रालयले संघीय वन मन्त्रालयमा काठ, दाउराको आपुर्ति हुने व्यवस्थाको लागि अनुरोध गर्न सक्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले आन्तरिक खपत गरी सो समूह बाहिर बिक्री वितरणको लागि छुट्याएको सालका काठ र दाउरा मध्ये कम्तीमा पच्चीस प्रतिशत र साल बाहेकका अन्य प्रजातिका काठ, दाउराको हकमा समितिको मागको आधारमा समितिलाई उपलब्ध

गराउनु पर्नेछ। यसरी समितिलाई काठ, दाउरा उपलब्ध गराउँदा अनुसूची-५ बमोजिमको मूल्य र सङ्कलन खर्च लिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम उपभोक्ता समूहले समितिलाई उपलब्ध गराएको काठ, दाउरा एक वर्षभित्रमा उठाई नलगेमा उपभोक्ता समूहले त्यस्तो काठ, दाउरा लिलाम बिक्री गर्न सक्नेछ।

(६) समितिले आफूलाई प्राप्त दाउरा मन्त्रालयको सहमतिमा प्रदेशभित्र दाहसंस्कार प्रयोजनको लागि उपलब्ध गराउन सक्नेछ।

८. **<u>समिति गठन नभएको जिल्लामा वन पैदावार आपुर्ति सम्बन्धी व्यवस्थाः</u>** (१) समिति गठन नभएको जिल्लामा सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम स्वीकृत परिमाणमध्ये आन्तरिक खपत भई बाँकी हुन आएको काठमध्ये पन्ध्र प्रतिशत काठ दाउरा सर्वसाधारण उपभोक्ताको विपद् व्यवस्थापन, घरकाज, कृषि औजार, धार्मिक तथा साँस्कृतिक कार्य, शव दहन र अत्यावश्यक स्थानीय विकास निर्माण कार्यमा प्रयोग गर्नका लागि छुट्याउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम छुट्याएको काठ दाउराको विवरण सम्बन्धित स्थानीय तह र सब डिभिजन वन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ र सोको लगत स्थानीय तह र सब डिभिजन वन कार्यालयले राख्नु पर्नेछ।

(३) कुनै वन उपभोक्ता समूहको सदस्य नरहेको सर्वसाधारण व्यक्ति र संघ सस्था वा अन्य निकायलाई उपनियम (१) को प्रयोजनको लागि काठ दाउरा उपलब्ध गराउनु परेमा सम्बन्धित स्थानीय तहको सिफारिसमा अनुसूची-४ मा तोकिएको परिमाणमा नबढने गरी सब डिभिजन वन कार्यालयले उपनियम (१) बमोजिम छुट्याएको काठ दाउरा मध्येबाट उपलब्ध गराउन सक्नेछ र त्यसरी उपलब्ध गराएको काठ दाउराको विवरण डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (१) को प्रयोजनका लागि छुट्याईएको परिमाणको काठ दाउरा एक वर्षसम्म विक्री वितरण हुन नसकेमा बोलकवोलका माध्यमबाट बिक्री वितरण गर्न सकिनेछ।

९. **<u>काठ, दाउरा आपुर्ति सम्बन्धी विशेष व्यवस्थाः</u>** प्रदेशभित्रका धार्मिक संरचना, पाटी, सत्तल तथा प्राचीन स्मारक मर्मत तथा पुनर्निर्माण कार्य, परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक कार्य र बाढी, पहिरो, भूकम्प, शीतलहर, आगलागी लगायतका विपद् व्यवस्थापन कार्यको लागि आवश्यक पर्ने काठ, दाउरा मन्त्रालयको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले उपलब्ध गराउनु पर्नेछ।

तर काठ, दाउराको सङ्कलन तथा ढुवानीमा लागेको खर्च काठ, दाउरा उपयोग गर्ने निकायले व्यहोर्नु पर्नेछ।

१०.**<u>वन पैदावार प्राप्त गर्न निवेदन दिनु पर्नेः</u>** (१) समिति गठन नभएका जिल्लामा तथा नियम ६ को उपनियम (३) को प्रयोजनका लागि वन पैदावार लिन चाहने व्यक्तिले देहायका विवरण खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-

(क) वन पैदावारको नाम,

(ख) वन पैदावार प्राप्त गर्न चाहेको क्षेत्रको नाम,

(ग) वन पैदावारको किसिम र परिमाण,

(घ) वन पैदावार लिन चाहेको प्रयोजन,

(ङ) वन पैदावारको प्रयोग गरिने ठाउँ,

(च) वन पैदावार लिन चाहने व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(छ) घर निर्माणको लागि आवश्यक भए घरको नक्सा पास प्रमाणपत्रको प्रतिलिपि,

(ज) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी अनुसूची-५ बमोजिमको मूल्यमा काठ, दाउरा उपलब्ध गराउन सक्नेछ। यसरी प्राप्त गरेको काठ, दाउरा बिक्री गर्न पाइने छैन।

११.**<u>वन पैदावारमा आधारित उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउनेः</u>** (१) मन्त्रालयले प्रदेशभित्र रहेका वनक्षेत्रको कार्ययोजना बमोजिम उपलब्ध

आन्तरिक मामिला तथा कानून मन्त्रालय

हुन सक्ने कच्चा पदार्थको उपलब्धताका आधारमा मूल्य अभिवृद्धि गर्ने, स्थानीय रोजगारीको प्रवर्धन गर्ने, निर्यातमूलक र तुलनात्मक लाभ भएका वन पैदावारमा आधारित उद्योगको पहिचान गरी त्यस्ता उद्योगलाई उपलब्ध गराउन सक्ने कच्चा पदार्थको परिमाण तोकी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम पहिचान गरिएका उद्योग र उपलब्ध गराउन सक्ने कच्चा पदार्थको परिमाणको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१२. **<u>चिरान वा प्रशोधन गरेर बिक्री गर्नु पर्ने</u>**ः (१) यस नियमावली बमोजिम गोलिया काठ खरिद गर्ने उद्योगले गोलिया काठ चिरान वा एक तह प्रशोधन गरेर मात्र बिक्री वितरण गर्नु पर्नेछ।

(२) यस नियमावली बमोजिम छोडपूर्जी भएका गोलिया काठ चिरान गरेपछि सःमिलले डिभिजन वन कार्यालयबाट ईजाजत प्राप्त गरी सो कार्यालयमा दर्ता गराएको टाँचा प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

(३) कुनै उद्योगले जिल्लाभित्र चिरान काठ बिक्री तथा ओसारपसार गर्दा मूल्य अभिवृद्धि करको बिल बिजकको आधारमा गर्न सक्नेछ।

(४) कुनै उद्योगले यस नियम बमोजिम खरिद गरेको काठ वा दाउरा चिरान गरी निस्किएको स-साना टुक्रालाई प्रविधिको प्रयोग गरी जोडेर तयार पारेको काठ डिभिजन वन कार्यालयबाट प्रमाणित गराई बिक्री गर्न सक्नेछन्।

(५) यस नियम बमोजिम काठ चिरान गरी बिक्री गर्ने उद्योगले चिरान काठको त्रैमासिक विवरण डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(६) कुनै पनि व्यक्ति, निकाय, उद्योग, संघ, संस्था वा समूहले रुख कटानका लागि स्वचालित आरा (चेन स) खरिद गरेमा डिभिजन वन कार्यालयमा त्यस्तो स्वचालित आरा सूचीकृत गर्नु पर्नेछ।

१३.**मूल्य अभिवृद्धि नगरि प्रदेश वाहिर निकासी गर्न नपाउने**: मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका काष्ठ तथा गैरकाष्ठ वन पैदावारलाई एक तहको मूल्य अभिवृद्धी नगरी प्रदेश वाहिर निकासी गर्न नपाउने व्यवस्था गर्न सक्नेछ।

१४.**वन पैदावारको मूल्यः** राष्ट्रिय वन क्षेत्रबाट उत्पादित वन पैदावारको मूल्यदर देहाय बमोजिम हुनेछः-

(क) काठ, दाउराको मूल्यदर अनुसूची-५ बमोजिम,

(ख) जडीबुटीको मूल्यदर अनुसूची-६ बमोजिम,

(ग) काठ, दाउरा र जडीबुटी बाहेकका अन्य वन पैदावारको मूल्यदर अनुसूची-७ बमोजिम।

१५.**इजाजतपत्र लिनु पर्ने र टाँचा लगाउनु पर्ने**: (१) कुनै किसिमको वन पैदावार प्राप्त गर्न, कटान तथा सङ्कलन गर्न, हटाउन, बिक्री वितरण, निकासी वा ओसार पसार गर्न डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकारीबाट अनुसूची-८ बमोजिमको ढाँचामा इजाजतपत्र लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र प्राप्त गरेको कुनै व्यक्ति वा निकायले वनमा कुनै काठ वा दाउरा काट्दा, टुक्रयाउँदा, वनबाट निकाल्दा वा ओसार पसार गर्दा इजाजतपत्रमा उल्लेख भएको शर्तहरु अनिवार्य रुपले पालना गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम इजाजत प्राप्त गरेको कुनै व्यक्ति वा निकायले वनक्षेत्रमा रुख कटान, सङ्कलन तथा ओसारपसार गर्ने श्रमिकहरुको न्यूनतम सुरक्षाको प्रबन्ध गर्नु पर्नेछ।

(४) वनको रुख छपान, कटान, मुछान, काठ बिक्री वितरण र ओसारपसार गर्दा वा निकासी गर्दा डिभिजन वन कार्यालयले प्रयोग गर्ने टाँचा र सिल निर्देशनालयमा दर्ता गर्नु पर्नेछ।

(५) निर्देशनालयले उपनियम (४) बमोजिमको टाँचा र सिलको विवरण विभागलाई उपलब्ध गराउनु पर्नेछ।

(६) काठ दाउरा बाहेकका अन्य वन पैदावार सङ्कलन र ओसार पसार गर्दा डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकारीबाट इजाजत लिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिमका वन पैदावार एक जिल्लाबाट अर्को जिल्लामा ओसार पसार गर्दा डिभिजन वन कार्यालयबाट सिलबन्दी गराउनु पर्नेछ।

(८) सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (साइटिस) को अनुसूचीमा सूचीकृत भएका वन पैदावारको ओसारपसार वा निकासी सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१६. **<u>काठ, दाउराको ओसारपसार</u>**: (१) यस नियमावली बमोजिम उपलब्ध भएको काठ, दाउरा जिल्ला बाहिर ओसारपसार गर्दा टाँचा र लोड गरिएको सवारी साधनमा विभाग वा निर्देशनालयले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ, दाउरा ओसारपसारको अन्तिम गन्तव्य स्थलको डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयलाई जानकारी गराई अनलोड गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सिल भई आएको ढुवानीको साधन बिग्रिन गई वा दुर्घटना भई वा त्यस्तै अन्य कारण परी सिल टुट्न गएको अवस्थामा सो साधनमा रहेको काठ, दाउरा सोही साधनमा वा अर्को साधनमा पुनः लोड गरी ढुवानी गराउनु पर्दा घटना घट्न गएको क्षेत्रको सब डिभिजन वन कार्यालयले डिभिजन वन कार्यालयको सहमतिमा पुनः सिल लगाई ढुवानी गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ, दाउराको विषयमा कुनै कारणले चेकजाँच वा छानबिन गर्नु पर्ने भएमा ओसारपसारको अन्तिम गन्तव्य स्थलमा पुगेपछि डिभिजन वन

कार्यालयको कम्तीमा सहायक स्तर पाँचौ तह वा सो सरहको वन प्राविधिक कर्मचारीको रोहबरमा चेकजाँच वा छानबिन गर्नु पर्नेछ।

(५) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मापदण्ड बमोजिम घर र गोठमा प्रयोग भएका कम्तीमा दश वर्ष पुरानो काठ डिभिजन वन कार्यालयको अनुमति लिई प्रदेशभित्रका एक जिल्लाबाट अर्को जिल्लामा घरायसी प्रयोजनको लागि ओसार पसार गर्न सकिनेछ।

१७.**ढलापढा तथा सुकेका खडा रुखको बिक्री वितरण**ः (१) डिभिजन वन कार्यालयले वन व्यवस्थापन कार्ययोजनाको अधीनमा रही मन्त्रालयको सहमति लिई राष्ट्रिय वन क्षेत्रबाट ढलापढा र सुकेका खडा रुख सङ्कलन गरी काठ, दाउरा बिक्री वितरण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम काठ दाउरा सङ्कलन गर्दा सम्बन्धित वन क्षेत्रको प्लट निर्धारण तथा स्रोत सर्वेक्षण गरी निर्देशनालयबाट स्वीकृत गराउनु पर्नेछ यसरी स्वीकृत गर्दा सङ्कलन गर्ने प्रजातीको वार्षिक वृद्धिदर ननाघ्ने गरी गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सङ्कलन भएका काठ दाउराको बिक्री वितरणबाट प्राप्त राजश्व प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् वा प्राकृतिक प्रकोपबाट क्षती भई सङ्कलन गर्नु पर्ने परिमाणलाई बिक्री वितरण गर्न बाधा पर्ने छैन।

१८.**रुखको छपान तथा मूल्याङ्कन**ः (१) कार्ययोजना बमोजिम काठ, दाउरा सङ्कलन गर्नु पूर्व डिभिजनल वन अधिकृतले कम्तीमा सहायक स्तर पाँचौ वा सो सरहको वन प्राविधिक कर्मचारी खटाई कटान गर्नु पर्ने रुखको छपान तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(२) रुख तथा काठको मापन, आयतन निकाल्ने र मूल्याङ्कन गर्ने तरिका प्रचलित संघीय वन नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(३) वन पैदावार सुरक्षित स्थानमा राख्नको लागि डिभिजनल वन अधिकृतले चारकिल्ला खुलाई घाटगद्दी क्षेत्र तोकी त्यस्तो स्थानमा वन पैदावार सुरक्षित रुपमा घाटगद्दी गर्नु पर्नेछ।

(४) वनक्षेत्रबाट घाटगद्दी स्थानसम्म गोलिया काठ ओसारपसार गर्दा प्रत्येक गोलिया काठको दुवैतर्फ डिभिजन वन कार्यालयमा रहेको टाँचा लगाई अनुसूची-९ बमोजिमको ढाँचामा चलानी पुर्जी लिएर मात्र ओसारपसार गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम सङ्कलन गरिएका काठ, दाउरा सम्बन्धित डिभिजनल वन अधिकृतले घाटगद्दी स्थानमा लट छुट्टिने गरी टक्कर मिलाई पाइलिङ्ग गरी राख्नु पर्नेछ।

१९. **<u>काठ, दाउरा लिलाम बिक्री</u>**ः (१) डिभिजन वन कार्यालय, अन्य सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका निकाय, सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम सङ्कलन गरी घाटगद्दीमा रहेका काठ, दाउरा व्यापारिक तथा व्यावसायिक प्रयोजनका लागि लिलाम बिक्री गर्दा पूर्ण प्रतिस्पर्धा हुने गरी सिलबन्दी बोलपत्रको माध्यमबाट गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम काठ, दाउरा लिलाम बिक्रीको लागि अनुसूची-५ मा उल्लिखित मूल्यलाई न्यूनतम मूल्य कायम गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको लिलाम बिक्री प्रक्रियामा काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई डिभिजन वन कार्यालयमा सूचीकृत सुचिकृत उद्योगले मात्र भाग लिन पाउने छन।

तर तराई र चुरेक्षेत्र बाहेकका कुनै पनि सःमिल दर्ता नभएका पहाडी तथा हिमाली जिल्लामा सोही जिल्लामा दर्ता भई सञ्चालनमा रहेका फर्निचर उद्योगले त्यस्तो लिलाम प्रक्रियामा भाग लिन पाउने छन्।

(४) उपनियम (३) बमोजिम प्रतिस्पर्धामा सहभागी उद्योगमध्येबाट लिलाम बिक्री सदर गर्ने अधिकारीले सबैभन्दा बढी मूल्य रकम सकार



आन्तरिक मामिला तथा कानून मन्त्रालय

गर्ने उद्योगको बोलपत्र स्वीकृत गरी सकार रकम र अन्य लिनु पर्ने सबै रकम बुझिलिई डिभिजन वन कार्यालय वा सम्बन्धित उपभोक्ता समूह वा दुवैको टाँचा लगाई सम्बन्धित उद्योगसम्म काठ, दाउरा ढुवानी गरी लैजान अनुसूची-१० बमोजिमको ढाँचामा छोडपुर्जी दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम बोलपत्र स्वीकृत भएको उद्योगले बोलपत्र स्वीकृत भएको जानकारी पाएको पैंतालिस दिनभित्र सकार रकम र अन्य बुझाउनु पर्ने सबै रकम बुझाई काठ, दाउरा उठाई लैजानु पर्नेछ।

(६) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्कलनका लागि छपान तथा मूल्याङ्कन गरिसकेपछि घाटगद्दीमा रहेको एक वर्षभित्र सडीगली जान सक्ने नरम प्रजातिका रुख मन्त्रालयको सहमतिमा स्वीकृत कार्ययोजना बमोजिम मूल्याङ्कनको आधारमा यस नियम बमोजिम खडै लिलाम गर्न सकिनेछ।

२०.**<u>लिलाम बिक्री सदर गर्ने अधिकारी</u>**ः (१) डिभिजन वन कार्यालयबाट बिक्री हुने राष्ट्रिय वनको वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार प्रचलित संघीय वन नियमावलीमा उल्लेख भए बमोजिमको अधिकारीलाई हुनेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहबाट हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार त्यस्तो उपभोक्ता समूहको कार्यसमितिलाई हुनेछ।

२१.**<u>काठ चिरान गरी बिक्री गर्ने उद्योगले विवरण पेश गर्नु पर्ने</u>**ः काठ चिरान गरी बिक्री गर्ने उद्योगले काठ दाउराको चौमासिक विवरण सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

२२.**<u>काठ दाउरा सङ्कलन गर्ने अवधि</u>**ः (१) राष्ट्रिय वन क्षेत्रबाट काठ, दाउरा सङ्कलन गर्ने अवधि प्रत्येक वर्ष असोज महिनाको एक गतेदेखि जेठ मसान्तसम्म हुनेछ।

(२) डिभिजन वन अधिकृतले प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रबाट असोज एक गते देखि फागुण मसान्तसम्म रुख छपान तथा कटान गरी सक्ने गरी म्याद निर्धारण गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कटान भएका रुखबाट प्राप्त हुन आउने काठ, दाउराको सङ्ककलन तथा घाटगद्दी वैशाख मसान्तसम्ममा गरी सक्नु पर्नेछ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्मा परेका व्यक्तिलाई जुनसुकै समयमा वन क्षेत्रबाट काठ, दाउरा सङ्कलन गरी उपलब्ध गराउन सकिनेछ।

(५) उपनियम (२) र (३) मा उल्लिखित अवधिभित्र रुख कटान गरी काठ, दाउरा सङ्कलन तथा घाटगद्दी गर्न नसकिएको उचित र पर्याप्त कारण भएमा सो कार्यको लागि प्रदेश वन निर्देशकको सहमतिमा डिभिजनल वन अधिकृतले बढीमा एक महिना अवधि थप गर्न सक्नेछ र त्यस्तो काठ दाउरा वन क्षेत्रबाट वाहिर निकाली घाटगद्दी गर्नको लागि डिभिजनल वन अधिकृतले बढीमा एक महिनाको अवधि थप गर्न सक्नेछ।

(६) उपनियम (५) मा उल्लिखित अवधिभित्र रुख कटान गरी काठ, दाउरा सङ्कलन हुन नसकेमा डिभिजनल वन अधिकृतले प्रदेश वन निर्देशकको सहमति लिई कटान गर्न बाँकी रुखको छपान रद्द गर्नु पर्नेछ।

२३.**<u>नरम तथा कडा प्रकृतिका काठको सङ्कलन तथा बिक्री वितरण</u>**: (१) नरम तथा कडा प्रकृतिका काठको सङ्कलन तथा बिक्री वितरण अनुसूची-११ मा उल्लिखित प्रक्रिया बमोजिम गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सङ्कलन तथा बिक्री वितरण गर्दा सङ्कलन भई घाटगद्दीमा प्राप्त भएका काठ मध्ये चाडैं हैसियत बिग्रने नरम प्रकृतिका काठलाई प्राथमिकता दिई बिक्री वितरण गर्नु पर्नेछ।

२४.**<u>जडीबुटी र अन्य वन पैदावारको सङ्कलन तथा बिक्री वितरण</u>**: (१) डिभिजनल वन अधिकृतले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको

अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिमका सङ्कटापन्न वन पैदावार बाहेक आफ्नो कार्य क्षेत्रभित्रको जडीबुटी तथा अन्य वन पैदावार स्वीकृत कार्ययोजनाको अधीनमा रही सङ्कलन गर्न प्रजाति, किसिम, सङ्कलन गर्न सकिने परिमाण र प्रजाति अनुसार सङ्कलन गर्ने समय समेत तोकी बढीमा एक महिनाको म्याद दिई वर्षको एक पटक वा प्रजाति अनुसार पटक पटक सूचना जारी गर्नु पर्नेछ।

(२) कुनै वनक्षेत्रबाट नियम १४ को खण्ड (ख) र (ग) बमोजिमका जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारको सङ्कलन गर्न चाहनेले त्यस्तो जडीबुटी तथा वन पैदावारको किसिम, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्य समेत खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले सो उपर जाँचबुझ गर्दा माग बमोजिमको जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार प्रतिबन्ध नलागेको र स्वीकृत कार्ययोजना बमोजिम सङ्कलन गर्न सकिने परिमाणभित्र रहेको देखिएमा अनुसूची-६ वा अनुसूची-७ बमोजिमको मूल्यदर अनुसार हुने रकम धरौटी लिई अनुसूची-८ बमोजिमको ढाँचामा सङ्कलन इजाजत दिनु पर्नेछ।

(४) कुनै वनक्षेत्रमा रहेको एउटै किसिमको जडीबुटी सङ्कलनका लागि एकभन्दा बढी निवेदन परी वार्षिक स्वीकृत परिमाणभन्दा बढी माग भएमा डिभिजनल वन अधिकृतले सबै निवेदकसँग आफूले तिर्न सक्ने अधिकतम मूल्यसहितको सिलबन्दी प्रस्ताव माग गर्नु पर्नेछ। यसरी प्राप्त सिलबन्दी प्रस्ताव मध्ये सबैभन्दा बढी मूल्य कबुल गर्ने निवेदकलाई उपनियम (३) बमोजिमको सङ्कलन इजाजत दिनु पर्नेछ।

(५) जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार सङ्कलन गर्न इजाजत प्राप्त गर्ने व्यक्ति वा निकायले डिभिजन वन कार्यालयको प्रत्यक्ष अनुगमनमा स्वीकृत कार्ययोजनामा उल्लिखित तरिका तथा प्रविधि अनुसार दिगो व्यवस्थापनको आधारमा सङ्कलन गर्नु पर्नेछ।

(६) उपनियम (३) वा (४) बमोजिमको सङ्कलन इजाजत अनुसारको परिमाणमा नबढ्ने गरी सङ्कलन गरिएको जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारलाई डिभिजनल वन अधिकृतले अनुसूची-१२ बमोजिमको ढाँचामा छोडपुर्जी दिनु पर्नेछ र यसरी छोडपुर्जी दिँदा अनुसूची-६ वा अनुसूची-७ बमोजिम मूल्य लिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम छोडपुर्जी प्राप्त जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार ओसारपसार गर्दा वन पैदावार राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा विभाग वा निर्देशनालयले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वा नेपाल सरकार वा प्रदेश सरकारको लगानी रहेको जडीबुटी प्रशोधन गर्ने वा जडीबुटीजन्य कुनै पदार्थ उत्पादन गर्ने कम्पनी वा संस्थालाई डिभिजनल वन अधिकृतले स्वीकृत कार्ययोजनाको अधीनमा रही अनुसूची-६ बमोजिमको मूल्य लिई त्यस्तो जडीबुटी सङ्कलन गर्न अनुमति दिन वा बिक्री वितरण गर्न सक्नेछ।

(९) नेपालको अदालतबाट कुनै कसूरमा ऐन बमोजिम जफत भएका कुनै जडीबुटी वा जडीबुटीजन्य वन पैदावार अदालतबाट भएको आदेशबमोजिम प्रदेश सरकारले कुनै शैक्षिक तथा वैज्ञानिक अध्ययन अनुसन्धान गर्न वा प्रशोधन गरी औषधिजन्य प्रयोग गर्न वा धार्मिक कार्यका लागि नेपाल सरकार वा प्रदेश सरकारको लगानी भएको कम्पनी, संस्था वा सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन सक्नेछ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्कटापन्न वनस्पतिको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम हुनेछ।

२५. **<u>जडीबुटी र अन्य वन पैदावारको लिलाम बिक्री</u>**ः (१) नियम २४ मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले संघीय मन्त्रालयसँग समन्वय गरी कुनै खास प्रजातिको जडीबुटीको सङ्कलन तथा बिक्री वितरण बोलकबोल प्रथाद्वारा सबैभन्दा बढी मूल्य कबोल गर्नेलाई दिने गरी तोक्न सक्नेछ।

(२) मन्त्रालयले संघीय मन्त्रालयसँगको समन्वयमा अनुसूची-६ र अनुसूची-७ बमोजिमका जडीबुटी र वनस्पतिजन्य वन पैदावार मध्ये कुनै खास वन पैदावार सो अनुसूची बमोजिमको मूल्यमा नघट्ने गरी सबैभन्दा बढी रोयल्टी प्रस्ताव गर्ने व्यक्ति, उद्योग, कम्पनी वा सहकारी संस्थालाई निश्चित अवधिका लागि दिन सक्नेछ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले तोकेको प्रजातिका वनस्पतिजन्य वन पैदावार डिभिजनल वन अधिकृतले बोलकबोल प्रथाद्वारा बिक्री वितरण गर्नु पर्नेछ।

(४) राष्ट्रिय वन क्षेत्रभित्र बग्ने नदीबाट नेपाल सरकार वा प्रदेश सरकारले नेपाल राजपत्र वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मापदण्ड र समयावधिको अधीनमा रही वातावरणीय अध्ययन प्रतिवेदनबाट तोकिएको परिमाणमा नदीजन्य ढुङ्गा, गिट्टी वा बालुवा सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिसमा सम्बन्धित स्थानीय तहले खुला प्रतिस्पर्धाको माध्यमबाट सङ्कलन र बिक्री वितरण गर्न सक्नेछ।

(५) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, प्रदेश प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवको आयोजना वा लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाका लागि आवश्यक पर्ने नदीजन्य ढुङ्गा, गिट्टी वा बालुवा माग भएमा उपनियम (४) बमोजिम खरिद गरी बिक्री गर्ने व्यक्ति वा संस्थाले त्यसरी माग भए बमोजिमको ढुङ्गा, गिट्टी वा बालुवा त्यस्तो आयोजनालाई उपलब्ध गराएर मात्र अन्यत्र बिक्री गर्नु पर्नेछ।

(६) उपनियम (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, प्रदेश प्राथमिकता प्राप्त आयोजना,

राष्ट्रिय गौरवको आयोजना वा लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाका लागि राष्ट्रिय वनभित्र रहेको कुनै खास स्थानको नदीजन्य ढुङ्गा, गिट्टी वा बालुवा आवश्यक पर्ने भएमा नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकारले अनुसूची-७ बमोजिमको दस्तुर लिई उपलब्ध गराउन सक्नेछ।

२६.**खयर काठ (जरा र ठुटा समेत) को बिक्री**: (१) खयरको जरा र ठुटा बिक्री गर्दा तौलको आधारमा र गोलिया बिक्री गर्दा आयतन वा तौलको आधारमा अनुसूची-५ बमोजिमको मूल्य दरमा नघटाई सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा प्रतिस्पर्धा गराई गर्नु पर्नेछ।

(२) यस नियमको प्रयोजनका लागि खयरको गोलिया मापन गर्दा पलाँस (स्यापउड) सहित मापन गर्नु पर्नेछ र पलाँस हटाई हर्टउड मात्र बाँकी रहेको अवस्थामा आयतन निकाल्दा हर्टउडको आयतनलाई एक दशमलब चार अङ्कले गुणन गर्नु पर्नेछ।

२७.**जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सङ्कलकलाई तालिम दिनु पर्ने**: (१) वनक्षेत्रबाट जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सङ्कलन गर्ने इजाजत प्राप्त गरेका उद्योग वा कम्पनीले त्यस्तो जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सङ्कलन गराउनु पूर्व सङ्कलन कार्यमा संलग्न हुने व्यक्तिलाई दिगो सङ्कलनका असल अभ्यासको बारेमा तालिम दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको तालिमका सम्बन्धमा डिभिजन वन कार्यालयले प्राविधिक सहयोग तथा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

२८.**वन पैदावारको निकासी सम्बन्धी व्यवस्था**: (१) कुनै व्यक्ति, फर्म, उद्योग, कम्पनी वा सहकारी संस्थाले यस नियमावली बमोजिम सङ्कलन गरेको वा प्राप्त गरेको वन पैदावार मध्ये नेपाल सरकारले विदेश निकासीमा प्रतिबन्ध लगाएको वन पैदावार बाहेक अन्य वन पैदावार विदेश निकासी गर्न निवेदन दिएमा निर्देशकको सहमति लिई डिभिजनल वन अधिकृतले विदेश निकासी गर्ने अनुमतिका लागि सम्बन्धित भन्सार कार्यालयमा सिफारिस गर्न सक्नेछ।

(२) मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै लोपोउन्मुख वनपैदावारको सङ्कलन, ओसार पसार, बिक्री वितरण वा निकासीमा निश्चित अवधिको लागि प्रतिबन्ध लगाउन सक्नेछ।

२९. **<u>चरिचरनको निमित्त इजाजतपत्र</u>**: निषेधित वनक्षेत्र बाहेकका वन क्षेत्रमा अनुसूची-१३ बमोजिमको राजश्व लिई डिभिजनल वन अधिकृतले घर पालुवा जन्तु चरिचरन गराउन कुनै व्यक्तिलाई अनुसूची-१४ बमोजिमको इजाजतपत्र दिन सक्नेछ।

३०. **<u>वन व्यवस्थापन तथा वन विकास कार्य सम्बन्धी व्यवस्था</u>**: (१) सरकारी वा सार्वजनिक निकायले वन विकास तथा व्यवस्थापन सम्बन्धी नर्सरी निर्माण, बिरुवा उत्पादन, वृक्षारोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, कटान मुछान, काठ, दाउरा उत्पादन, वनपथ निर्माण, स्टोन पिचिङ्ग, अग्निरेखा निर्माण, पोखरी निर्माण, चेकडयाम निर्माण, सेड हाउस निर्माण, काठेपुल निर्माण, अवलोकन टावर निर्माण, सिमसार संरक्षण वा यस्तै प्रकृतिका अन्य कार्य गर्दा कम्तीमा सहायक स्तर पाँचौ वा सो सरहको वन प्राविधिक कर्मचारीले लागत अनुमान तयार गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम तयार भएको लागत अनुमान डिभिजनल वन अधिकृतले स्वीकृत गरी कार्यान्वयन गराउन सक्नेछ ।

(३) स्वीकृत वार्षिक कार्यक्रममा परेका वन व्यवस्थापनका कार्य, सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयको भवन निर्माण तथा मर्मत सम्भार कार्य र यस्तै प्रकृतिका अन्य वन विकास कार्यको लागि आवश्यक पर्ने काठ, दाउरा डिभिजनल वन अधिकृतले प्रदेश वन निर्देशकको सहमति लिई लगत राखी उपयोग गर्न सक्नेछ।

३१. **<u>अध्ययन अनुसन्धानका लागि अनुमति लिनु पर्ने</u>**: (१) राष्ट्रिय वन क्षेत्रभित्र वन, वनस्पती तथा वन्यजन्तुका लागि अध्ययन अनुसन्धान तथा नमूना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची-१५ मा उल्लेख भएका विषयहरु समावेश गरी अध्ययनको प्रस्ताव सहित अनुमतिको लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचवुझ गर्दा उपयुक्त देखेमा शर्त र अवधि तोकी प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम जग्गा उपलब्ध गराएमा अनुमति प्राप्त व्यक्ति वा संस्थाले पचास हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-४

## सरकारद्वारा व्यवस्थित वन

३२. **कार्ययोजना तयार गर्नेः** (१) प्रदेशभित्रको सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनका लागि डिभिजनल वन अधिकृतले अनुसूची-१६ बमोजिमका विषय समावेश गरिएको कार्ययोजना तयार गरी निर्देशनालयमा पेश गर्नु पर्नेछ।

(२) निर्देशनालयले उपनियम (१) बमोजिम पेश हुन आएको कार्ययोजनाको अध्ययन, प्राविधिक परीक्षण तथा आवश्यक जाँचबुझ गरी सोमा थपघट गर्नु पर्ने भएमा सो समेत गर्न लगाई स्वीकृत गर्नु पर्नेछ।

३३. **कार्ययोजना संशोधनः** (१) नियम ३२ को उपनियम (२) बमोजिम स्वीकृत कार्ययोजनामा कुनै संशोधन गर्नु पर्ने भएमा डिभिजनल वन अधिकृतले राय सहित प्रस्तावित संशोधन कार्ययोजना निर्देशनालयमा पठाउनु पर्नेछ।

तर कार्ययोजना स्वीकृत भएको दुई वर्षसम्म संशोधन गर्न सकिने छैन।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रस्तावित संशोधन कार्ययोजना स्वीकृत गर्न उपयुक्त देखिएमा प्रदेश वन निर्देशकले त्यस्तो संशोधन कार्ययोजना स्वीकृति गर्न सक्नेछ।

## परिच्छेद-५

## सामुदायिक वन सम्बन्धी व्यवस्था

३४. **सामुदायिक वनको कार्ययोजना तयारी र वन हस्तान्तरणः** (१) नियम ४२ बमोजिम दर्ता भएको सामुदायिक वन उपभोक्ता समूहले ऐनको दफा १६ को उपदफा (१) बमोजिम राष्ट्रिय वनको कुनै भागलाई सामुदायिक

वनको रुपमा व्यवस्थापन गर्न चाहेमा कार्ययोजना तयारीका लागि प्राविधिक सहयोग तथा सामुदायिक वन हस्तान्तरणका लागि अनुसूची-१७ बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले ऐन र यस नियमावली बमोजिम सामुदायिक वनको कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) यस नियम बमोजिम सामुदायिक वनको रुपमा हस्तान्तरणका लागि वनक्षेत्र निर्धारण गर्दा गाउँ बस्तीबाट सामुदायिक वनक्षेत्रको दुरी र सामुदायिक वन उपभोक्ता समूहको वन व्यवस्थापन गर्ने चाहना, आवश्यकता र क्षमता समेतलाई ध्यान दिनु पर्नेछ।

(४) यस नियम बमोजिम सामुदायिक वनको सीमाना निर्धारण गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सीमानाले कुनै असर पार्ने छैन।

(५) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको कार्ययोजना तयार गर्दा स्थानीय तहसँग परामर्श गर्नु पर्नेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले ऐन र यस नियमावली बमोजिमका कार्य गर्नका लागि सम्बन्धित निकाय, सङ्घ संस्था, वन प्राविधिक वा योग्यता प्राप्त सेवा प्रदायकबाट आवश्यक सहयोग लिन सक्नेछ।

(७) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनमा दिगो वन व्यवस्थापनको मापदण्ड र उद्देश्य, वनको हैसियत र त्यस्तो उपभोक्ता समूहको आवश्यकता र व्यवस्थापकीय क्षमता समेतलाई ध्यान दिई साधारण सभाको सहमति र निर्णयबाट छनोट भएका दिगो वन व्यवस्थापनका क्रियाकलाप आफ्नो कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(८) सामुदायिक वनको कार्ययोजना तयारी गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ र त्यस्तो कार्ययोजना सामुदायिक वन उपभोक्ता समूहको साधारणसभाबाट निर्णय भई पारित भएको हुनु पर्नेछ।

(९) सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-१८ मा उल्लिखित विषय समावेश गरी सामुदायिक वनको कार्ययोजना तयार गरी स्वीकृतिको लागि डिभिजनल वन अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम स्वीकृतिको लागि पेश हुन आएको सामुदायिक वनको कार्ययोजनामा डिभिजनल वन अधिकृतले अध्ययन गर्दा कुनै कुरा सुधार गर्नु पर्ने देखेमा सामुदायिक वन उपभोक्ता समूहसँगको परामर्श र सहमतिमा सुधार गरी ऐन र यस नियमावलीमा उल्लिखित व्यवस्था र प्रदेश सरकारले तोकेका सर्तको पालना गर्ने गरी कार्ययोजना स्वीकृत गरी अनुसूची-१९ बमोजिमको ढाँचामा सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनु पर्नेछ।

(११) एउटा जिल्लामा रहेको कुनै वनक्षेत्र सीमाना जोडिएको अर्को जिल्लाको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गर्नु पर्ने भएमा वनक्षेत्र रहेको जिल्लाको डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूह अवस्थित रहेको डिभिजनल वन अधिकृतको सिफारिसमा सामुदायिक वन हस्तान्तरण गर्न सक्नेछ।

(१२) उपनियम (१०) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन सामुदायिक वन उपभोक्ता समूहले गर्नेछ।

(१३) सामुदायिक वनको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ। सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक दश वर्षमा वा सो अगावै ऐनको दफा १७ को उपदफा (२) बमोजिम हुने गरी कार्ययोजनामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

(१४) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाको अवधि सकिनु अगावै नयाँ कार्ययोजना तयार गरी यस नियम बमोजिम स्वीकृत

गराई पुरानो कार्ययोजनाको अवधि सकिएको दिनदेखि नयाँ कार्ययोजना कार्यान्वयनमा ल्याउनु पर्नेछ।

(१५) डिभिजनल वन अधिकृत वा निजले खटाएको वन प्राविधिक कर्मचारीले आफ्नो कार्य क्षेत्रभित्रको सामुदायिक वनको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरी डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

३५. **<u>वन उद्यम सञ्चालन गर्न सक्ने</u>ः** (१) सामुदायिक वन उपभोक्ता समूहले वनक्षेत्र बाहिर प्रचलित कानून बमोजिम वन उद्यम दर्ता गरी स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन पैदावारमा आधारित वन उद्यम सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम वन उद्यम सञ्चालन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनबाट उपलब्ध हुनसक्ने वन पैदावारको सम्भाव्य परिमाण र वन उद्यम सम्बन्धी क्रियाकलापसहित व्यावसायिक योजना तयार गरी वन उद्यम दर्ता गर्दा डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दुई वा दुईभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले संयुक्त रुपमा वन उद्यम सञ्चालन गर्न चाहेमा सम्बन्धित सामुदायिक वन र निजी वनबाट वन उद्यमका लागि उपलब्ध हुन सक्ने वन पैदावारको संयुक्त विवरण, वन उद्यम सम्बन्धी क्रियाकलाप, सामुदायिक वन उपभोक्ता समूह बीच लागत र लाभको बाँडफाँटको खाका सहित व्यावसायिक योजना तयार गरी वन उद्यम दर्ता गर्दा डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमको माध्यमबाट गरिबी निवारण गर्नका लागि सामुदायिक वनमा स्वीकृत कार्ययोजना बमोजिमको मुख्य प्रजातिको छत्र घनत्व (क्राउन कभर) नघट्ने, पुनरोत्पादनमा ह्रास नआउने र संवेदनशील वनक्षेत्र तथा जैविक विविधताको संरक्षण हुने गरी जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती गर्न सक्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले वन्यजन्तु सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सामुदायिक वनमा वन्यजन्तु पालन गर्न सक्नेछ।

३६. **सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक वन उपभोक्ता समूहले नेपाल सरकारले बनाएको मापदण्डको आधारमा स्वीकृत कार्ययोजनामा समावेश गरी सामुदायिक वनमा अनुसूची-२० बमोजिमका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकायको स्वीकृति लिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तह वा सहकारी संस्थासँगको साझेदारीमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न चाहेमा सामुदायिक वनको स्वीकृत कार्ययोजनाको अधीनमा हुने गरी छुट्टै पर्यापर्यटन व्यवस्थापन योजना तयार गरी प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकाय र सम्बन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृति लिई पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) सामुदायिक वनमा वन्यजन्तु पालन बाहेकका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा सामुदायिक वनको विद्यमान हैसियत र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता हुने गरी कुल वनक्षेत्रको बढीमा पाँच हेक्टर वा पाँच प्रतिशत मध्ये जुन घटी हुन्छ सोही परिमाणमा नबढ्ने गरी पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि वनक्षेत्र प्रयोग गर्न सकिनेछ।

तर पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि कुनै भौतिक संरचना निर्माण गर्नु परेमा वनक्षेत्रको आधा हेक्टर भन्दा बढी क्षेत्रफलमा भौतिक संरचना बनाउन पाइने छैन।

(५) उपनियम (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित वन्यजन्तुको प्रजनन्स्थल, मुख्य वासस्थान, जैविकमार्ग, भूक्षयको दृष्टिकोणले जोखिमक्षेत्र तथा स्वीकृत कार्ययोजनाले संवेदनशील

भनी किटान गरेको वनक्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाइने छैन।

(६) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा ऐन र यस नियमावलीले निषेध गरेका कार्यका साथै अनुसूची-२० बमोजिम निषेध गरिएका कार्य गर्न पाइने छैन।

(७) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानून बमोजिम स्थानीय तह, विभिन्न निकाय वा सङ्घ संस्थाबाट आवश्यक सहयोग लिन सक्नेछ।

३७. **सामुदायिक वन फिर्ता लिने सम्बन्धी व्यवस्था**: (१) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनमा स्वीकृत कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेकोमा वा त्यस्तो कार्ययोजना विपरीतको कार्य गरेको वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेको वा ऐन र यस नियमावली बमोजिम तोकेका सर्त पालना नगरेको भन्ने जानकारी प्राप्त भएमा डिभिजनल वन अधिकृतले यथाशक्य चाँडो प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गरी यथार्थ विवरण प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्थलगत निरीक्षण गर्न खटाइएको कर्मचारीले वनक्षेत्रको निरीक्षण समेतको आधारमा प्रतिवेदन तयार गरी डिभिजनल वन अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश गरिएको प्रतिवेदनबाट उपनियम (१) बमोजिमको अवस्था देखिएमा सो सम्बन्धमा डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूहलाई बढीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनका आधारमा सामुदायिक वन फिर्ता लिन उचित देखिएमा डिभिजनल वन अधिकृतले सामुदायिक वन फिर्ता लिन र त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम सामुदायिक वन फिर्ता लिएको र सामुदायिक वन उपभोक्ता समूहको दर्ता खारेज गरेको जानकारी पन्ध्र दिनभित्र सम्बन्धित उपभोक्ता समूहलाई दिनु पर्नेछ।

(६) उपनियम (४) बमोजिम सामुदायिक वन फिर्ता लिने र सामुदायिक वन उपभोक्ता समूहको दर्ता खारेज गर्ने गरी गरिएको निर्णय उपर चित्त नबुझ्ने सामुदायिक वन उपभोक्ता समूहले त्यस्तो निणर्यको सूचना पाएको मितिले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष पुनरावेदन दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिमको पुनरावेदन परेको मितिले नब्बे दिनभित्र प्रदेश वन निर्देशकले निर्णय गरी सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ। यस सम्बन्धमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

**३८. वन व्यवस्थापन र वन पैदावारको सङ्कलनः** (१) सामुदायिक वन उपभोक्ता समूहले सम्बन्धित सामुदायिक वनको व्यवस्थापन स्वीकृत कार्ययोजना बमोजिम गर्नु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख भएका वन संरक्षण, व्यवस्थापन तथा विकासका वार्षिक कार्य त्यस्तो कार्ययोजनामा तोकिएको समयमै सम्पन्न हुने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(३) स्वीकृत कार्ययोजना बमोजिम वन व्यवस्थापन गरी वन पैदावारको सङ्कलन गर्दा वार्षिक स्वीकार्य कटानको परिमाणमा नबढ्ने गरी गर्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम वन पैदावार सङ्कलन गर्नु अघि सब डिभिजन वन कार्यालयको सहयोगमा छपान मूल्याङ्कन गरी डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ।

तर सामुदायिक वन उपभोक्ता समूहभित्र आन्तरिक वितरणका लागि मात्र सङ्कलन गर्ने भएमा सब डिभिजन वन कार्यालयको सहयोग र

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सहमति लिई सङ्कलन गर्न सकिनेछ र सोको जानकारी सब डिभिजन वन कार्यालयले डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(५) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति पुग्न गई वन पैदावार सड्ने वा नासिने अवस्था आई परेमा त्यस्तो वन पैदावारलाई वन क्षेत्रबाट हटाउन वा सङ्कलन गर्न स्वीकृत कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी कटान गर्न सकिनेछ।

(६) उपनियम (५) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति हुन पुगेमा सामुदायिक वन उपभोक्ता समूहले यथाशक्य छिटो क्षतिको प्रारम्भिक विवरण सहित डिभिजनल वन अधिकृतलाई जानकारी गराउनु पर्नेछ। यस्तो जानकारी प्राप्त भएमा डिभिजनल वन अधिकृतले तत्काल प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(७) सामुदायिक वन उपभोक्ता समूहको अनुरोधमा डिभिजनल वन अधिकृतले उपनियम (६) बमोजिम क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा निर्देशनालय मार्फत मन्त्रालयको स्वीकृति लिई त्यस्तो वन पैदावार सङ्कलन तथा बिक्री वितरण गर्न त्यस्तो सामुदायिक वन उपभोक्ता समूहलाई अनुमति दिन सक्नेछ।

(८) उपनियम (५) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटानको परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(९) यस नियममा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक रुपमा आफैं ढलेका रुखको लगत मूल्याङ्कन वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी भएमा आगामी वर्षको वार्षिक स्वीकार्य कटान

परिमाणमा मिलान गर्ने गरी डिभिजन वन कार्यालयको सहमति लिई सङ्कलन गर्न सकिनेछ।

(१०) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनबाट स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा सङ्कलन गर्दा आफ्नै स्रोत वा बैङ्क तथा वित्तीय संस्थाको सहयोग तथा लगानीमा समूहका सदस्यलाई परिचालन गरी गर्नु पर्नेछ।

(११) उपनियम (१०) बमोजिम सामुदायिक वन उपभोक्ता समूहका सदस्यलाई परिचालन गरी काठ, दाउरा सङ्कलन गर्न नसकेमा त्यस्तो उपभोक्ता समूहले सिलबन्दी बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई सबैभन्दा कम मूल्यमा वन पैदावार सङ्कलन गर्न कबोल गर्ने फर्म वा कम्पनीलाई अनुसूची-२१ बमोजिमको ढाँचामा सङ्कलन अनुमतिपत्र दिई सङ्कलन कार्यमा लगाउनु पर्नेछ।

तर वन पैदावार सङ्कलन कार्यमा संलग्न भएको फर्म, उद्योग वा कम्पनीले त्यस्तो  वन पैदावारको बिक्री प्रक्रियामा भाग लिन पाउने छैन।

(१२) सामुदायिक वन उपभोक्ता समूहले उपनियम (११) बमोजिम काठ, दाउरा सङ्कलन गर्दा स्वीकृत जिल्ला दर रेटमा नबढ्ने गरी खर्च गर्नु पर्नेछ।

(१३) यस नियम बमोजिम सङ्कलन गरेको काठ, दाउरा सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा व्यवस्था भए बमोजिमको सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(१४) काठ, दाउरा बाहेकको जडीबुटी र अन्य वन पैदावारको सङ्कलनको लागि सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-२१ बमोजिमको ढाँचामा सङ्कलन अनुमतिपत्र दिई सङ्कलन गर्नु पर्नेछ।

३९. **<u>वन पैदावारको बिक्री वितरण र अनुमतिपत्र</u>**ः (१) सामुदायिक वन उपभोक्ता समूहले नियम ३८ बमोजिम सङ्कलन गरी घाटगद्दी स्थलमा जम्मा भएको काठ, दाउरा नापजाँच गरी आन्तरिक खपत प्रयोजनका लागि आफ्नो समूहको सदस्यलाई बिक्री वितरण गर्दा अनुसूची-२२

बमोजिमको ढाँचामा तीन प्रति रसिद बनाई एक प्रति खरिद गर्ने व्यक्तिलाई र एक प्रति सम्बन्धित सब डिभिजन वन कार्यालयलाई दिई बाँकी एक प्रति समूहको कार्यालयमा राख्नु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा जम्मा भएको काठ, दाउरा उपनियम (१) बमोजिम समूहभित्र बिक्री वितरण गरी बाँकी रहेको काठ, दाउरा मध्ये नियम ७ को उपनियम (४) बमोजिम डिभिजनल वन पैदावार आपूर्ति समितिको लागि छुट्याई बाँकी रहेको काठ, दाउरा त्यस्तो उपभोक्ता समूहको साधारण सभाले निर्णय गरी डिभिजनल वन अधिकृतको सहमतिमा नियम १९ बमोजिम समूह बाहिर लिलाम बिक्री गर्न सक्नेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले काठ, दाउरा, जडीबुटी तथा अन्य वन पैदावार आफ्नो समूह बाहिर बिक्री वितरण गर्दा अनुसूची-२२ बमोजिमको ढाँचामा तीन प्रति रसिद काट्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो उपभोक्ता समूह वा समूहका सदस्यले एकल वा सामूहिक रुपमा आफैंले स्थापना र सञ्चालन गरेको वन सम्बन्धी लघु उद्यमका लागि अनुसूची-५, अनुसूची-६ र अनुसूची-७ बमोजिमको मूल्य र सङ्कलन खर्चमा नघट्ने गरी सामुदायिक वनको वन पैदावार उपलब्ध गराउन सक्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख गरी गरिबीको रेखामुनि रहेका वा प्राकृतिक विपद्मा परेका उपभोक्तालाई सहुलियत दरमा वा निःशुल्क काठ, दाउरा उपलब्ध गराउन र अन्य सहुलियत प्रदान गर्न सक्नेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरेका रसिद सुरक्षित रुपमा राख्नु पर्नेछ।

(७) सामुदायिक वन उपभोक्ता समूहभन्दा बाहिर व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि बिक्री गरेको सामुदायिक वनको काठ, दाउरा ओसारपसार गर्दा सकारकर्ता वा खरिदकर्ताले डिभिजन वन कार्यालयको सहमति लिई डिभिजन वन कार्यालय र सामुदायिक वन

उपभोक्ता समूहको संयुक्त टाँचा लगाई त्यस्तो उपभोक्ता समूहबाट अनुसूची-२३ बमोजिमको ढाँचामा ओसारपसार अनुमतिपत्र लिई ओसारपसार गर्नु पर्नेछ।

(८) सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा बाहेकका वन पैदावार सामुदायिक वन उपभोक्ता समूह भन्दा बाहिर बिक्री गरी ओसारपसार गर्दा डिभिजन वन कार्यालयको सहमति लिई त्यस्तो उपभोक्ता समूहको अध्यक्षले अनुसूची-२३ बमोजिमको ढाँचामा ओसारपसार अनुमतिपत्र दिनु पर्नेछ।

(९) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार उत्पादन र बिक्री वितरणको अद्यावधिक विवरण आफ्नो कार्यालयमा व्यवस्थित रुपमा राखी त्रैमासिक रुपमा सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

४०. **टाँचाको दर्ता र प्रयोगः** (१) सामुदायिक वन उपभोक्ता समूहले काठ, दाउरा सङ्कलन तथा बिक्री वितरण प्रयोजनको लागि कटान हुने रुख तथा काठमा प्रयोग गर्न अनुसूची-२४ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले टाँचाको नमुना हेरी टाँचाको विवरण दोहोरो नपर्ने गरी निःशुल्क रुपमा सामुदायिक वन उपभोक्ता समूहको टाँचा दर्ता गरिदिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहको टाँचाको विवरण तयार गरी डिभिजनल वन अधिकृतले निर्देशनालय र विभागमा पठाउनु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (२) बमोजिम दर्ता भएको टाँचा लगाउनु पर्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो उपभोक्ता समूहको अध्यक्षको हुनेछ। कुनै

कारणवश टाँचा हराएमा वा नोक्सान भएमा सो कुराको तत्काल जानकारी डिभिजन वन कार्यालयलाई दिई पुरानो टाँचा रद्द गराई नयाँ टाँचा दर्ता गराउनु पर्नेछ।

(६) डिभिजन वन कार्यालयले उपनियम (५) बमोजिम रद्द गरेको पुरानो टाँचाको विवरण सहितको जानकारी विभाग, सबै प्रदेश अन्तर्गतका निर्देशनालय र सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

## परिच्छेद-६

## सामुदायिक वन उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्था

४१.**सामुदायिक वन उपभोक्ता समूहको गठनः** (१) सामूहिक हितका लागि सामुदायिक वनको रुपमा कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गर्न चाहने उपभोक्ताले ऐनको दफा २२ बमोजिमको उपभोक्ता समूह गठन गर्न आवश्यक सहयोगका लागि सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम माग गरिएको वनक्षेत्र सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त हुने देखिएमा उपनियम (२) बमोजिम खटिएको कर्मचारीले आवश्यकता अनुसार सम्बन्धित स्थानीय तह वा अन्तर्गतका वडा कार्यालय समेतको सहयोग लिई सामुदायिक वन उपभोक्ता समूह गठन गर्न र सोको विधान तयार गर्न सहयोग गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम कुनै वन क्षेत्रको उपभोक्ता पहिचान गरी समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सीमानाले कुनै असर पार्ने छैन।

४२.**सामुदायिक वन उपभोक्ता समूहको दर्ताः** (१) सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-२५ मा उल्लिखित विषय समावेश गरी विधान तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तयार भएको सामुदायिक वन उपभोक्ता समूहको विधान त्यस्तो उपभोक्ता समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-२६ बमोजिमको ढाँचामा सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सामुदायिक वन उपभोक्ता समूह गठनको लागि निवेदन परेमा र त्यस्तो उपभोक्ता समूह ऐन र यस नियमावली बमोजिम गठन भएको देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-२७ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहको कार्यसञ्चालनका लागि बढीमा पन्ध्र सदस्यीय कार्यसमिति रहनेछ। कार्यसमितिको अध्यक्ष वा कोषाध्यक्ष पदमध्ये कम्तीमा एक पद र उपाध्यक्ष वा सचिव पदमध्ये कम्तीमा एक पद सहित कार्यसमितिमा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व भएको हुनु पर्नेछ।

(५) कार्यसमितिको पदावधि बढीमा पाँच वर्षको हुनेछ र कुनै पनि व्यक्ति कार्यसमितिको अध्यक्ष पदमा बढीमा दुई कार्यकालमात्र निर्वाचित वा छनोट हुन पाउनेछ।

४३.**<u>सामुदायिक वनको लगत राख्नु पर्ने</u>:** (१) डिभिजनल वन अधिकृतले सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरेका सामुदायिक वनको लगत अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लगत राख्दा सामुदायिक वन उपभोक्ता समूहको नाम, ठेगाना, उपभोक्ता समूहको कोड, दर्ता मिति, उपभोक्ता घरधुरी सङ्ख्या, कार्यसमितिमा रहेका महिला, पुरुष, आदिवासी जनजाति, मधेशी र दलितको सङ्ख्या, वनको क्षेत्रफल, वनको किसिम, वनमा पाइने मुख्य रुख तथा जडीबुटी प्रजाति आदि विवरण सामुदायिक वन उपभोक्ता समूहको तथ्याङ्क कोड अनुसार हुने गरी राख्नु पर्नेछ।

सामुदायिक वन उपभोक्ता समूहको कोड निर्देशनालयले अद्यावधिक गर्नेछ।

(३) उपनियम (२) बमोजिमको लगत डिभिजनल वन अधिकृतले निर्देशनालय तथा विभागले तयार गरेको सामुदायिक वनको डाटाबेसमा प्रविष्ट गर्नु पर्नेछ।

४४. **स्थानीय तहमा अभिलेख राख्ने**: (१) सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तहमा अभिलेख राख्ने प्रयोजनका लागि आफ्नो समूहको विधान, समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि, सामुदायिक वनको स्वीकृत कार्ययोजना र सामुदायिक वन हस्तान्तरण प्रमाणपत्रको एक एक प्रति सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र देहाय बमोजिमका कागजात र विवरण सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउनु पर्नेछः-

(क) ऐनको दफा १८ को उपदफा (१) बमोजिम सञ्चालन गर्ने क्रियाकलाप सम्बन्धी योजना र लागत विवरण,

(ख) सामुदायिक वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,

(ग) सामुदायिक वन उपभोक्ता समूहले बिक्री गरेको वन पैदावारको वार्षिक विवरण।

(३) स्थानीय तहले सामुदायिक वन उपभोक्ता समूहबाट प्राप्त विवरणका आधारमा आफ्नो कार्यक्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ र त्यस्तो उपभोक्ता समूहलाई प्रचलित कानून बमोजिम आवश्यक सहयोग तथा सहजीकरण गर्नु पर्नेछ।

४५. **सामुदायिक वन उपभोक्ता समूहको कोष सञ्चालन तथा लेखापरीक्षण**: (१) सामुदायिक वन उपभोक्ता समूहको कोषको खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) उपभोक्ता समूहले कोषको रकम खर्च गर्दा ऐनको दफा २५ को उपदफा (५) र (६) को अधीनमा रही उपभोक्ता समूहको साधारण सभाले स्वीकृत गरेको कार्यक्रम र योजनामा मात्र खर्च गर्नु पर्नेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले ऐनको दफा १८ बमोजिम सञ्चालन गरिने कार्यक्रम र आम्दानी खर्चको सम्बन्धमा कम्तीमा वर्षको एक पटक सार्वजनिक सुनुवाई गरी साधारण सभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो चल अचल सम्पत्ति, आम्दानी र खर्चको लेखा तथा अभिलेख दुरुस्त राख्नु पर्नेछ र आम्दानी तथा खर्चको रजिष्ट्र्ड लेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण गराउनु पर्नेछ।

(५) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले सामुदायिक वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्नेछ।

४६.**<u>सामुदायिक वन उपभोक्ता समुहले वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-२८ बमोजिमको ढाँचामा आर्थिक विवरण र वनको स्थिति समेत खुलाई समूहले वर्षभरी गरेका क्रियाकलापको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र डिभिजन वन कार्यालय र स्थानीय तहमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वार्षिक प्रतिवेदन पेश गर्दा सो समूहको लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

४७.**<u>सामुदायिक वनमा गर्न नहुने कार्यहरुः</u>** (१) सामुदायिक वनमा ऐन, यस नियमावली तथा स्वीकृत कार्ययोजनाले निषेध गरेका कुनै पनि कार्य गर्नु वा गराउनु हुँदैन।

तर स्वीकृत कार्ययोजनाको अधीनमा रही वन पैदावारको घाटगद्दी निर्माण गरी घेरबार गर्न, समूहको दैनिक कार्य सञ्चालनको लागि सो कार्ययोजनामा तोकिएको स्थानमा समूहको कार्यालय भवन निर्माण गर्न, वनको संरक्षणका लागि टहरा वा छाप्रो वा मचान बनाउन सकिनेछ।

(२) ऐन र यस नियमावलीमा व्यवस्था भए बमोजिम बाहेक प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको स्वीकृति नलिई सामुदायिक वनको जग्गा कसैलाई पनि प्रयोग गर्न दिन हुँदैन।

(३) सामुदायिक वन उपभोक्ता समूहले आफूलाई हस्तान्तरण गरेको सामुदायिक वनमा कुनै पनि किसिमको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र कुनै अतिक्रमण भएमा डिभिजन वन कार्यालयको समन्वयमा हटाउनु पर्नेछ।

## परिच्छेद-७

## कबुलियती वन सम्बन्धी व्यवस्था

४८.**व्यावसायिक प्रयोजनका लागि कबुलियती वन प्रदान गर्ने प्रक्रियाः** (१) डिभिजन वन कार्यालयले नियम ४ बमोजिमको रणनीतिक योजनाको अधीनमा रही ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) देखि (ङ) सम्मको प्रयोजनको लागि कबुलियती वनको रुपमा उपलब्ध गराउन सम्भावित हैसियत बिग्रेको प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भागको विवरण अद्यावधिक गरी निर्देशनालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएमा निर्देशनालयले आवश्यक जाँचबुझ गरी राय सहित मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त विवरण मन्त्रालयले जाँचबुझ गरी कबुलियती वनको रुपमा प्रदान गर्न आवश्यक कारबाहीका लागि सिफारिस सहित विभागमा पठाउन सक्नेछ।

(४) यस नियम बमोजिम कबुलियती वनको रुपमा उपलब्ध गराउन सिफारिस भएको कबुलियती वनको सम्झौता, पट्टा तथा तत् सम्बन्धी अन्य व्यवस्था प्रचलित संघीय वन ऐन र संघीय वन नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

४९.**कबुलियती वन उपभोक्ता समूह गठन र दर्ताः** (१) ऐनको दफा ३१ को उपदफा (१) को प्रयोजनको लागि डिभिजनल वन अधिकृतले गरिबीको

रेखामुनि रहेका जनताका लागि कबुलियती वन समूह गठन गरी राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रुपमा उपलब्ध गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कबुलियती वन लिन चाहने समूहले डिभिजन वन कार्यालयमा समूह गठन तथा कार्ययोजना तयार गर्न निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा कबुलियती वन समूहमा कम्तीमा पाँच घरधुरीको सहभागिता हुनु पर्नेछ र सोको लागि घरधुरी पहिचान गर्दा डिभिजनल वन अधिकृतले स्थानीय तहको सम्बन्धित वडा कार्यालयको परामर्श लिन सक्नेछ।

(४) उपनियम (२) बमोजिम कबुलियती वन लिन चाहने व्यक्तिको मानव विकास सूचकाङ्कको परीक्षण गरी गरिबीको रेखामुनि रहेको यकिन गर्नु पर्नेछ।

(५) उपनियम (२) बमोजिम माग गरिएको वनक्षेत्र कबुलियती वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त हुने देखिएमा डिभिजन वन कार्यालयले कबुलियती वन समूह गठन तथा कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम खटिएको कर्मचारीले कबुलियती वन समूह गठन गरी समूहको सहभागितामा अनुसूची-२९ मा उल्लिखित विषय समावेश हुने गरी कार्ययोजना तयार गर्नु पर्नेछ।

(७) यस नियम बमोजिमको कबुलियती वन समूहको कार्ययोजना त्यस्तो समूहको निर्णयसहित डिभिजन वन कार्यालयमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ।

(८) डिभिजनल वन अधिकृतले यस नियम बमोजिमको कबुलियती वन समूह गठनको लगत राखी कबुलियती वन समूहको कार्ययोजना स्वीकृत गरी अनुसूची-३० बमोजिमको ढाँचामा कबुलियतनामा गराई अनुसूची-३१ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(९) यस नियम बमोजिम गरिबीको रेखामुनिका जनतालाई एक पटकमा दश वर्षको लागि कबुलियती वन उपलब्ध गराइनेछ।

(१०) डिभिजनल वन अधिकृतले यस नियम बमोजिम कबुलियती वन समूह र कबुलियती वन समूहलाई उपलब्ध गराएको वनक्षेत्रको जग्गाको मोठ राख्नु पर्नेछ र यसको वार्षिक विवरण निर्देशनालयमा पठाउनु पर्नेछ।

(११) यस नियम बमोजिम कबुलियती वन समूहलाई उपलब्ध गराइएको कबुलियती वनको हकमा वार्षिक रोयल्टी प्रचलित संघीय वन नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(१२) यस नियम बमोजिमका कबुलियती वन समूहका घरधुरी सदस्य छुट्टी भिन्न भएमा कबुलियती वनको उपयोग गर्ने प्रयोजनका लागि एकाघरकै मानिनेछ। कुनै सदस्यले कबुलियती वन समूह छोडी गएमा निजको कबुलियती वन समूहको सदस्यता स्वतः रद्द हुनेछ।

(१३) उपनियम (३) बमोजिमको कबुलियती वन समूहमा रहेको घर परिवारको संख्या पाँचभन्दा कम भएमा त्यस्तो वन क्षेत्र कबुलियती वनको रुपमा कायम रहने छैन।

५०.**<u>कबुलियती वन सम्बन्धी अन्य व्यवस्था</u>**: नियम ४९ बमोजिम उपलब्ध गराइएको कबुलियती वनको व्यवस्थापन, कबुलियती वन समुहको टाँचाको दर्ता, प्रयोग र तत् सम्बन्धी अन्य व्यवस्था प्रचलित संघीय वन ऐन र संघीय वन नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

५१.**<u>प्रतिवेदन पेश गर्नु पर्ने</u>**: (१) कबुलियती वन प्राप्त गर्ने संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र कबुलियती वनको वार्षिक प्रतिवेदन निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ।

(२) प्रदेश वन निर्देशक वा निजले तोकेको अधिकृतले कबुलियती वन लिने संगठित संस्था वा निजको प्रतिनिधिको रोहवरमा कम्तीमा बर्षको एक पटक कबुलियती वनमा कबुलियती वनको कार्ययोजना बमोजिम कार्य गरे नगरेको अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) ऐनको दफा ३१ बमोजिम उपलब्ध गराइएको कबुलियती वनको हकमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र

कबुलियती वनको वार्षिक प्रतिवेदन डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद-८

## धार्मिक वन सम्बन्धी व्यवस्था

५२.**धार्मिक वनको हस्तान्तरणः** (१) प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले परापूर्व कालदेखिको धार्मिक स्थल र त्यस्तो क्षेत्रको वरिपरिको राष्ट्रिय वन संरक्षण गर्नका लागि धार्मिक वनको रुपमा लिन चाहेमा अनुसूची-३२ बमोजिमका विषय समावेश गरिएको कार्ययोजना सहित डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा डिभिजनल वन अधिकृतले निवेदनसाथ पेश भएको कार्ययोजनामा आवश्यक जाँचबुझ गरी धार्मिक वन हस्तान्तरण गर्न उपयुक्त हुने देखेमा त्यस्तो कार्ययोजना स्वीकृत गरी अनुसूची-३३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई त्यस्तो वनक्षेत्रलाई धार्मिक वनको रुपमा हस्तान्तरण गर्न सक्नेछ।

(३) डिभिजनल वन अधिकृतले उपनियम (२) बमोजिम धार्मिक वनको रुपमा हस्तान्तरण गरिएको वनको लगत तयार गरी एक एक प्रति मन्त्रालय, विभाग र निर्देशनालयमा पठाउनु पर्नेछ र त्यस्तो विवरण निर्देशनालय र विभागले तयार गरेको डाटाबेसमा प्रविष्ट गर्नु पर्नेछ।

(४) धार्मिक वनक्षेत्रमा धार्मिक निकाय, समूह वा समुदायले स्वीकृत कार्ययोजना बमोजिमको कार्य मात्र गर्नु पर्नेछ।

(५) धार्मिक निकाय, समूह वा समुदायले धार्मिक वनमा सनातन तथा परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक महत्त्वका कार्य र प्रथा परम्परा सञ्चालन गर्नका लागि साविकदेखि नै रहेका धार्मिक संरचनाको पुनर्निर्माण र मर्मत गर्न तथा शौचालय र पानी ट्याङ्की निर्माण गर्न सक्नेछ। यस्ता संरचनाको निर्माण गर्दा डिभिजनल वन अधिकृतको स्वीकृति लिई धार्मिक वनको वन पैदावार प्रयोग गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(६) धार्मिक वनभित्र स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम उपनियम (५) बमोजिमका संरचना बाहेक अन्य भौतिक पूर्वाधार निर्माण गर्न पाइने छैन।

(७) धार्मिक वनमा विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्राप्त भएका वन पैदावार र हावाहुरी, बाढी पहिरोबाट ढलेका रुखबाट प्राप्त भएका वन पैदावार डिभिजनल वन अधिकृतले सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(८) धार्मिक वनभित्र रहेको जोखिमयुक्त रुख हटाउन अनुरोध भई आएमा डिभिजनल वन अधिकृतले हटाउन सक्नेछ।

(९) उपनियम (७) र (८) बमोजिमको वन पैदावार डिभिजनल वन अधिकृतले नियम १९ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

५३. **<u>धार्मिक वनमा गर्न नहुने कार्य</u>:** धार्मिक वनमा ऐन, यस नियमावली र स्वीकृत कार्ययोजनाले निषेध गरेका कार्यको अतिरिक्त देहाय बमोजिमका कार्य गर्न हुँदैनः-

(क) धार्मिक वनको जग्गालाई निजी जग्गाको रुपमा दर्ता गर्न, भाडामा दिन, धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हक वा स्वामित्व हस्तान्तरण गर्ने कार्य गर्न,

(ख) धार्मिक वनको भू-उपयोग स्थायी रुपमा परिवर्तन गर्ने कार्य गर्न,

(ग) वनक्षेत्र मास्न र भू-क्षय तथा वातावरणीय विनाश हुने कुनै कार्य गर्न,

(घ) प्रचलित कानून विपरीत संरक्षित वन्यजन्तु पक्रन वा मार्न वा हानि नोक्सानी पुऱ्याउने कार्य गर्न,

(ङ) वन अतिक्रमण तथा वन अतिक्रमणलाई प्रोत्साहन हुने कुनै कार्य गर्न,

(च) ढुङ्गा, गिट्टी, बालुवा, चट्टान, माटो र अन्य खानी तथा खनिज पदार्थ निकाल्न वा ओसारपसार गर्न।

**परिच्छेद-९**

## दिगो वन व्यवस्थापन र वृक्षारोपण

५४. **दिगो वन व्यवस्थापनका आधार तथा सूचकको अनुगमन तथा पृष्ठपोषण:**
(१) दिगो वन व्यस्थापनका आधार तथा सूचकको नियमित अनुगमन गरी पृष्ठपोषण गर्नका लागि मन्त्रालयमा देहाय बमोजिमको प्राविधिक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) प्रदेश वन निर्देशक - सदस्य

(ग) डिभिजनल वन अधिकृतहरु मध्येबाट मन्त्रालयले तोकेको दुई जना डिभिजनल वन अधिकृत - सदस्य

(घ) वन सम्बन्धी विज्ञ प्राध्यापक वा अनुसन्धानकर्ता मध्येबाट दुई जना - सदस्य

(ङ) समुदायमा आधारित उपभोक्ता समूहका प्रतिनिधि मध्ये कम्तीमा दुई जना महिला सहित चार जना - सदस्य

(च) प्रमुख, वन सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय -सदस्य -सचिव

(२) उपनियम (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यहरुको मनोनयन मन्त्रालयले गर्नेछ।

(३) उपनियम (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपनियम (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यले पदिय जिम्मेवारी इमान्दारी पूर्वक पालना नगरेमा वा खराव आचरण देखाएमा मन्त्रालयले निजहरुलाई जुनसुकै वखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजहरुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(५) उपनियम (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) उपनियम (१) बमोजिमको समितिले आवश्यकता अनुसार उपसमिति गठन गरी स्थलगत अध्ययन तथा अनुगमन गर्न लगाई प्रतिवेदन लिन सक्नेछ।

(७) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५५.**वृक्षारोपण योजना तयार गर्नु पर्नेः** डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र रहेका वृक्षारोपण गर्न सकिने क्षेत्रहरुको पहिचान गरी देहायका कुराहरु समावेश गरी वृक्षारोपण योजना तयार गर्नु पर्नेछः-

(क) वृक्षारोपण योग्य क्षेत्र,

(ख) वृक्षारोपण योग्य क्षेत्रकव ऐतिहासिक पृष्ठभूमि,

(ग) भूबनोट,

(घ) भौगोलिक सूचना प्रणाली (जिपिएस) सहितको स्थान,

(ङ) ठेगाना,

(च) क्षेत्रफल,

(छ) वृक्षारोपण गर्ने विरुवाको प्रजाती सहितको सूची,

(ज) वृक्षारोपणको लागि विरुवा उत्पादन र वृक्षारोपणको कार्यतालिका,

(झ) आवश्यक अन्य कुरा।

५६.**वृक्षारोपणको संरक्षण तथा सम्बर्धन सम्बन्धी व्यवस्थाः** वृक्षारोपण गर्ने निकायले प्रत्येक वृक्षारोपण क्षेत्रको संरक्षणको व्यवस्था, पुनरोपण, गोडमेल, कटनी छटनी, रोग किरा तथा डढेलो नियन्त्रण जस्ता विषय समावेश गरी अनुसूची-३४ बमोजिमको वृक्षारोपण संरक्षण तथा सम्बर्धन योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

५७.**वन बिउ उत्पादन क्षेत्रको स्थापनाः** (१) डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रमा रहेको प्राकृतिक वनमा उच्च गुणस्तर भएका प्रजाति रहेको

वनक्षेत्र पहिचान गरी सो क्षेत्रको नक्साङ्कन, बिउ दिने माउ रुखको छनौट र छनौट भएका रुख मार्किङ गरी यस्तो क्षेत्रलाई वन बिउ उत्पादन क्षेत्रको रुपमा स्थापना गर्न सक्नेछ।

(२) डिभिजन वन कार्यालयले उपनियम (१) बमोजिम स्थापना गरिएको वन बिउ उत्पादन क्षेत्रको अभिलेख राखी सोको जानकारी सम्बन्धित निकायलाई समेत गराउनु पर्नेछ।

५८. **वन बिउ बगैंचा वा वन बिउ उद्यानको स्थापनाः** डिभिजन वन कार्यालयले आफ्नो कार्य क्षेत्र अन्तर्गतको राष्ट्रिय वनमा न्यून संख्यामा रहेको वा संकटापन्न वनस्पति वा वन क्षेत्रमा लोप भई आवादी क्षेत्रमा मात्र रहेको प्रजाति पहिचान गरी त्यस्ता प्रजातिको वंशाणुगत विविधतालाई बढावा दिन प्राकृतिक वासस्थानसँग मिल्दो जुल्दो भौगोलिक स्थानमा वृक्षारोपण गरी परस्थानमा वन बिउ बगैचा स्थापना गर्न सक्नेछ।

५९. **बिउ उत्पादन क्षेत्र र वन बिउ बगैंचा वा वन बिउ उद्यानको व्यवस्थापनः** डिभिजन वन कार्यालयले वन सम्बर्धन प्रणाली अवलम्वन गरी नियम ५७ र ५८ बमोजिम स्थापना भएका वन बिउ उत्पादन क्षेत्र र वन बिउ बगैचा वा वन बीउ उद्यानको मर्मत सम्भार, सम्वर्धन, बिउ सङ्कलन र वितरण सम्बन्धी योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

६०. **वन डढेलोबाट भएको क्षतिको राहत सम्बन्धी व्यवस्थाः** ऐनको दफा ४१ को उपदफा (६) बमोजिम वन डढेलो नियन्त्रणको सिलसिलामा खटिएका सुरक्षाकर्मी, कर्मचारी, वा उपभोक्तालाई क्षति पुग्न गएमा प्रदेश सरकारले पीडित पक्षलाई उचित राहत र घाइतेको निःशुल्क उपचारको व्यवस्था मिलाउनेछ।

६१. **वन डढेलो रोकथाप, नियन्त्रण तथा पुनर्स्थापना सम्बन्धी व्यवस्थाः** (१) प्रदेश वन निर्देशकले भौगोलिक सूचना प्रणालीमा आधारित वन डढेलो सूचना प्रणाली वा यस्तै किसिमको अन्य प्रविधिको विकास गरी वन डढेलो लागेको जानकारी सम्बन्धित डिभिजन वन अधिकृतलाई तत्काल प्रवाह गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) डिभिजन वन कार्यालयले वन डढेलोले क्षति भएको वनक्षेत्रको प्राकृतिक पुनरोत्पादनको प्रवर्धन वा वृक्षारोपणद्वारा विकास गरी वनको पुनर्स्थापना गर्नु पर्नेछ।

(३) मन्त्रालयले वन डढेलोको अवस्था हेरी जोखिम क्षेत्र घोषणा गरी वन डढेलो रोकथाम र नियन्त्रणको लागि विशेष व्यवस्था गर्न सक्नेछ।

६२. **<u>वन कामदारको सुरक्षा सम्बन्धी व्यवस्था</u>**: वन क्षेत्रभित्र रुखको कटान, मुछान, ढुवानी, घाटगद्दी लगायतका कार्यमा संलग्न कामदारलाई काममा लगाउने व्यक्ति, संस्था वा निकायले देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछः-

(क) कामदारले गर्नु पर्ने काम र सुरक्षा सम्बन्धमा तालिम दिने,

(ख) कामदारको दुर्घटना बीमा गर्ने,

(ग) प्रत्येक कामदारको समूहलाई प्राथमिक उपचारका सामान उपलब्ध गराउने।

## परिच्छेद-१०

## <u>जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्था</u>

६३. **<u>जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको व्यवस्थापन</u>**: मन्त्रालयले जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको व्यवस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

६४. **<u>परम्परागत ज्ञानको संरक्षण र विकास</u>**: (१) डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रमा हुन सक्ने जडिवुटी प्रजातिको उपयोग, संरक्षण तथा सम्बर्धन सम्बन्धी परम्परागत ज्ञान र सीपको संरक्षण र व्यवस्थापनका लागि अभिलेख खडा गर्नका लागि आवश्यक जानकारी उपलब्ध गराउन सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त ज्ञान र सिपको अभिलेख खडा गरी संरक्षण गर्नु पर्नेछ र त्यस्तो ज्ञान र सिपलाई व्यावसायीकरणका

लागि डिभिजन वन कार्यालयले ऐनको दफा ४३ बमोजिम गठित जडिबुटी विकास तथा अनुसन्धान केन्द्रसँग सहयोग लिन सक्नेछ।

## परिच्छेद-११

## जलाधार तथा सिमसार क्षेत्र सम्बन्धी व्यवस्था

६५.**जलाधार क्षेत्रको पहिचान र वर्गीकरण गर्ने**: (१) भू- तथा जलधार व्यवस्थापन कार्यालयले आफ्नो क्षेत्रमा रहेका स्थानीयतहसँग समन्वय गरी ती स्थानीय तहमा रहेका जलाधार क्षेत्रहरुको विवरण सङ्कलन गरी निर्देशनालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्देशनालयले प्राप्त विवरणको आवश्यक जाँचबुझ गरी एक स्थानीय तहले व्यवस्थापन गर्न सक्ने जलाधार क्षेत्र, एक भन्दा वढी स्थानीय तहले व्यवस्थापन गर्नु पर्ने जलाधार क्षेत्र, ती जलाधारहरुले ओगटेको क्षेत्रफल र ऐनको दफा ४८ को उपदफा (२) को आधारमा संवेदनशील जलाधार क्षेत्र समेतको विवरण संलग्न गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रदेश भित्रका जलाधार क्षेत्रका सम्बन्धमा आवश्यकता अनुसार स्थानीय तहसँग समेत समन्वय गरी मन्त्रालयले क्षेत्रफलका आधारमा प्रदेशस्तरका साना, मझौला र ठूला जलाधारमा वर्गीकरण गरी संवेदनशील जलाधार क्षेत्रको प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम वर्गीकरण गरिएका जलाधारहरु मध्ये मन्त्रालयले प्रदेश महत्वका जलाधार भएमा त्यस्तो जलाधारको चारकिल्ला खुलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(५) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहले आफ्नो क्षेत्र अन्तर्गत रहेका जलाधार मध्ये संवेदनशील जलाधार तोक्न सक्नेछ।

६६.**एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गर्नु पर्ने**: (१) नियम ६७ बमोजिम पहिचान गरिएका जलाधार क्षेत्रहरु मध्ये संवेदनशीलताको

आधारमा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको व्यवस्थापन योजना तर्जुमा गर्दा देहायका कुराहरु समावेश गर्नु पर्नेछः-

(क) जलाधार क्षेत्रको परिचय,

(ख) औचित्य, लक्ष्य र उद्देश्य,

(ग) जलाधार क्षेत्रको भौगोलिक, भू-धरातलीय, जलवायु, माटो र भू-गर्भ, जलविज्ञान र भू-उपयोगको विवरण,

(घ) समस्या र यसका कारक तत्वको विश्लेषण,

(ङ) आर्थिक, सामाजिक अवस्था र जीविको पार्जनका अवसरको विश्लेषण,

(च) खाद्य, पशु आहर उर्जा र पानीको आवश्यकताको विश्लेषण,

(छ) जलाधार संरक्षणका कार्क्रम, सहभागितामूलक र संरक्षणमूखी भू-उपयोगको सिफारिस,

(ज) योजनाको सोच तालिका,

(झ) बजेटको व्यवस्थापन,

(ञ) अनुगमन मूल्याङ्कन,

(ट) जनशक्ति व्यवस्थापन,

(ठ) नक्सा, तथ्याङ्क र अन्य विवरण,

(ड) अन्य आवश्यक कुराहरु।

(३) कुनै स्थानीय तहबाट आफ्नो क्षेत्रभित्र रहेको संवेदनशील जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन योजना तयारीको लागि सहयोग माग भई आएमा भू- तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) एक भन्दा बढी स्थानीय तहमा फैलिएको जलाधार क्षेत्रको हकमा भू- तथा जलाधार व्यवस्थापन कार्यालयले स्थानीय तहसँग समन्वय गरी एकीकृत व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(५) एक भन्दा बढी भू- तथा जलाधार व्यवस्थापन कार्यालयको कार्यक्षेत्रमा पर्ने जलाधार क्षेत्रको हकमा निर्देशनालयले स्थानीय तह र भू- तथा जलाधार व्यवस्थापन कार्यालयसँग समन्वय गरी कुनै एक भू- तथा जलाधार व्यवस्थापन कार्यालयलाई जिम्मेवारी तोकी एकीकृत व्यवस्थापन योजना तयार गर्न लगाउनु पर्नेछ।

(६) उपनियम (३), (४) र (५) बमोजिम तयार भएका एकीकृत जलाधार व्यवस्थापन योजना सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रदेश वन निर्देशकले स्वीकृत गर्नेछ र त्यस्तो व्यवस्थापन योजना सम्बन्धित स्थानीय तहले कार्यान्वयन गर्नेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ६५ को उपनियम (४) बमोजिमको प्रदेश महत्वको जलाधार क्षेत्रको एकीकृत जलाधार व्यवस्थापन योजना निर्देशनालयले तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ र त्यस्तो योजना भू- तथा जलाधार व्यवस्थापन कार्यालयले कार्यान्वयन गर्नेछ।

(८) प्रदेशभित्र भू-तथा जलाधार सम्बन्धी कार्य गर्ने अन्य संघ, संस्था वा निकायले भू- तथा जलाधार व्यवस्थापन सम्बन्धी योजना तर्जुमा तथा कार्यान्वयन गर्दा यस नियम बमोजिम तयार गरिएको जलाधार व्यवस्थापन योजना बमोजिम गर्नु पर्नेछ।

६७. **<u>पहिरो जोखिम क्षेत्रको पहिचान तथा संरक्षण</u>:** (१) ऐनको दफा ४९ को उपदफा (१) बमोजिम पहिरो जोखिम क्षेत्रको पहिचान गर्दा भौगर्भिक दरार, भू-धरातलमा देखिएका चिरा, चट्टानको किसिम, बनोट र त्यसको अवस्थितिको झुकाव, भू-आकृति र भिरालोपन, वर्षाको तिव्रता र पानी निकासको सञ्जाल जस्ता आधारमा गर्नु पर्नेछ।

(२) जोखिम क्षेत्रको संवेदनशीलताका आधारमा प्राथमिकता निर्धारण गरी स्थानीय तह तथा भू- तथा जलाधार व्यवस्थापन कार्यालयले जोखिमको विश्लेषणका आधारमा जैविक वार, अमृसो तथा बाँस रोपण, नदि उकास, घाँस तथा भुइघाँस रोपण, कृषिवन मैत्री फलफुल रोपण

जस्ता जैविक तथा इन्जिनियरीङ विधि अवलम्वन गरी जोखिम नियन्त्रणका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

६८. **सिमसार क्षेत्रको वर्गीकरण तथा व्यवस्थापनः** (१) भू- तथा जलाधार व्यवस्थापन कार्यालयले सरोकारवालासँग समन्वय गरी आफ्नो कार्य क्षेत्रभित्र पर्ने प्रयोगमा आइसकेका वा आउने क्रममा रहेका स्थानीय निकाय वा स्थानीयस्तरमा संरक्षण तथा व्यवस्थापनमा रहेका ससाना ताल, तलाउ, पोखरी, विभिन्न उद्देश्यका लागि प्रयोगमा आइरहेका जलाशय, सिंचाइ प्रणाली वा पर्यापर्यटनको दृष्टिले महत्वपूर्ण सिमसार, रामसार सूचीमा सूचीकृत हुने सम्भावना भएका सिमसार र रामसार सूचीमा सूचीकृत भइसकेका सिमसार क्षेत्रको स्वामित्व र अवस्थाको विवरण खुलाई निर्देशनालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त विवरणको आधारमा निर्देशनालयले स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका सिमसारको वर्गीकरण गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त वर्गीकरणमा कुनै हेरफेर गर्नु पर्ने भए सो हेरफेर गरी मन्त्रालयले स्थानीय तथा प्रदेश महत्वका सिमसारको व्यवस्थापनको जिम्मेवारी तोक्न सक्नेछ।

(४) पर्यापर्यटनको सम्भाव्यताका आधारमा पर्यावरणमैत्री तरिकाले पन्छी तथा वन्यजन्तु अवलोकन, नौका विहार, जल विहार, भ्यू टावर, उद्यान, सिमसारमैत्री पदमार्ग, जलचर संरक्षण तथा दिगो उपयोग, सिमसारमा आधारित परम्परागत ज्ञान र अभ्यासको संरक्षण र प्रवर्धन जस्ता पर्यापर्यटन र जीविकोपार्जन सम्बन्धी कार्यक्रम सिमसार क्षेत्रमा सञ्चालन गर्न सकिनेछ।

(५) सामुदायिक वन, कबुलियती वन र धार्मिक वन क्षेत्रभित्र रहेका रामसार महासन्धि बमोजिम सूचीकृत सिमसार बाहेकका अन्य सिमसारको सम्बन्धित वन व्यवस्थापन पद्धतिका लागि स्वीकृत भएको कार्ययोजना वमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(६) उपनियम (५) मा उल्लिखित बाहेकका सरकारद्वारा व्यवस्थित वन र अन्तरप्रादेशिक वनक्षेत्रमा रहेका स्थानीय तथा प्रदेश महत्वका सिमसारको व्यवस्थापन योजना सरकारद्वारा व्यवस्थित वन र अन्तरप्रादेशिक वनको कार्ययोजनामा समावेश गरी व्यवस्थापन गर्नु पर्नेछ।

(७) स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने सार्वजनिक जग्गामा रहेका सिमसारको सम्बन्धित स्थानीय तहले योजना बनाई व्यवस्थापन गर्न सक्नेछ।

(८) निजी हकभोगको जग्गामा रहेका सिमसार क्षेत्रको व्यवस्थापन योजना तयार गर्न सहयोग माग भई आएमा भू- तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-१२

## जैविक विविधता तथा वन्यजन्तु संरक्षण सम्बन्धी व्यवस्था

६९. **जैविक विविधता समृद्ध क्षेत्रको पहिचान तथा वर्गिकरणः** (१) डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र रहेका वनको जैविक विविधता, ऐतिहासिक तथा साँस्कृतिक सम्पदा, वन, र संरक्षित क्षेत्र बाहिरका वन्यजन्तु संरक्षणको हिसाबले महत्वपूर्ण क्षेत्रको पहिचान गरी त्यस्ता सम्पदाहरुको अवस्था खुलाई सोको विवरण निर्देशनालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त विवरण समेतको आधारमा निर्देशनालयले प्रदेशभित्र रहेका जैविक विविधतालाई ऐतिहासिक तथा साँस्कृतिक, वनस्पति वा वन्यजन्तु विषयसँग सम्बन्धित जैविक विविधता समृद्ध क्षेत्र मध्येको कुनैमा वर्गिकरण गरी अभिलेख राख्नु पर्नेछ।

७०. **जैविक विविधतासँग सम्बन्धी परम्परागत ज्ञानको अभिलेख राख्नेः** निर्देशनालयले प्रदेश भित्रका जैविक स्रोत र त्यसको उपयोग सम्बन्धी परम्परागत ज्ञानको अभिलेख अनुसूची-३५ बमोजिमको ढाँचा प्रदेश वन निर्देशकबाट प्रमाणित गराई राख्नु पर्नेछ।

७१.**<u>जैविक मार्गको संरक्षण र व्यवस्थापन</u>ः** (१) निर्देशनालयले ऐनको दफा ५२ बमोजिम घोषित जैविक मार्गको संरक्षण र व्यवस्थापनको योजना तयार गरी स्विकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम प्राप्त योजना आवश्यक जाँचबुझ गरी स्वीकृत गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम स्वीकृत योजना जैविक मार्ग रहेको सरकारद्वारा व्यवस्थित वन, अन्तरप्रादेशिक वन, सामुदायिक वन कबुलियती वन वा धार्मिक वनको व्यवस्थापन योजनामा समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ।

७२.**<u>कृषिका लागि हानिकारक वन्यजन्तुको व्यवस्थापन</u>ः** (१) ऐनको दफा ५३ बमोजिम मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संरक्षित भनी तोकिए वाहेकका कुनै वन्यजन्तु वा पन्छीलाई कृषिका लागि हानिकारक घोषित गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कृषिका लागि हानिकारक घोषित वन्यजन्तु वा पन्छीलाई उपनियम (१) बमोजिमको सूचनामा तोकिएको शर्तको अधीनमा रही धपाउन, लखेट्न वा पक्रन वा मार्न सकिनेछ।

(३) उपनियम (१) बमोजिमका वन्यजन्तु वा पन्छीलाई व्यवस्थापनको लागि आवश्यक राय सुझाव एवं विकल्प सहितको सिफारिस गर्न र मृतक वन्यजन्तुको बिक्री गर्ने प्रयोजनका लागि बिक्री मूल्य कायम गर्न डिभिजन वन कार्यालयमा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) डिभिजन वन कार्यालयको वन अधिकृत - संयोजक

(ख)जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि - सदस्य

(ग)सम्बन्धित स्थानीय तहको प्रतिनिधी - सदस्य

(घ)सम्बन्धित पशु सेवा कार्यालयको प्राविधिक प्रतिनिधि - सदस्य

(ङ)सम्बन्धित कृषि विकास कार्यालय प्राविधिक प्रतिनिधि - सदस्य

(च)सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधि - सदस्य

(छ)डिभिजनल वन अधिकृतले तोकेको अधिकृत - सदस्य

(४) उपनियम (१) को सूचना बमोजिम कृषिका लागि हानिकारक घोषित मृत वन्यजन्तु वा पन्छीलाई उपनियम (३) बमोजिमको समितिले निर्धारण गरेको मूल्य बराबरको रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी सम्बन्धित व्यक्तिले बिक्री वितरण गर्न सक्नेछ।

७३.**वन्यजन्तुको अध्ययन अनुसन्धानको लागि अनुमति लिनु पर्नेः** (१) प्रदेशभित्र कुनै वन्यजन्तुको अध्ययन अनुसन्धान गर्न इच्छुक कुनै व्यक्ति वा संस्थाले आफूले गर्न चाहेको अध्ययन अनुसन्धानको विषय, उद्देश्य, अध्ययनको विधि, अनुमति माग गरेको स्थान खुलेको प्रस्ताव र सम्बन्धित शैक्षिक संस्थाको सिफारिस सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा सो निवेदन उपर आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिव देखिएमा मन्त्रालयले अध्ययन अनुसन्धानको नतिजा पेश गर्नु पर्ने गरी वन्यजन्तुको अध्ययन अनुसन्धानको लागि अनुमति दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम अनुमति प्राप्त व्यक्ति वा संस्थाले वन्यजन्तु वा पन्छीलाई लखेटन पक्रन वा मार्न पाइने छैन।

७४.**वन्यजन्तु पालन, प्रजनन, उपयोग, बिक्री वितरण र निकासीः** वन्यजन्तु पालन, प्रजनन, उपयोग, बिक्री वितरण र निकासी सम्वन्धी व्यवस्था प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

७५.**शिकार अनुमतिः** ऐनको दफा ५५ बमोजिम वन्यजन्तुको सिकार गर्न अनुमति सम्बन्धी व्यवस्था प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

७६.**वन्यजन्तुबाट हुने क्षतिको राहतः** (१) ऐनको दफा ५६ बमोजिम वन्यजन्तुको आक्रमणमा परी जनधनको क्षति भएमा पीडित पक्षले सो

क्षति बापत घटना घटेको मितिले पैंतीस दिनभित्र डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी सिफारिस गर्न प्रत्येक डिभिजन वन कार्यालयमा देहाय बमोजिमको समिति रहनेछः-

(क) डिभिजनल वन अधिकृत - संयोजक

(ख) सम्बन्धित स्थानीय तहको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित क्षेत्रको सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष - सदस्य

(घ) सम्बन्धित कृषि वा पशु अस्पताल वा पशु सेवा कार्यालयको प्रतिनिधि - सदस्य

(३) उपनियम (२) बमोजिमको समितिले छानवीन गरी पीडित व्यक्तिलाई राहत उपलब्ध गराउने सिफारिस गरेका सम्बन्धित डिभिजन वन कार्यालयले त्यस्तो क्षति वापतको राहत उपलब्ध गराउनु पर्नेछ।

(४) राहत उपलब्ध गराउने प्रक्रिया प्रदेश सरकारबाट स्वीकृत निर्देशिका बमोजिम हुनेछ।

७७. **<u>वन उद्यान सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ५८ बमोजिम घोषित वन वा वनस्पती उद्यानको व्यवस्थापनको लागि डिभिजन वन कार्यालयले वन वा वनस्पती उद्यान व्यवस्थापन योजना तयार गरी निर्देशनालय स्वीकृतिका लागि निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ।

(२) निर्देशनालयले उपनियम (१) बमोजिम प्राप्त वन वा वनस्पती उद्यान व्यवस्थापन योजना आवश्यक जाँचबुझ गरी स्वीकृत गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम स्वीकृत वन वा वनस्पती उद्यान व्यवस्थापन योजना डिभिजन वन कार्यालयले कार्यान्वयन गर्नेछ।

७८. **<u>संरक्षित भू-परिधी क्षेत्रको कार्ययोजनाः</u>** संरक्षित भू-परिधी व्यवस्थापन परिषद्ले देहायका कुराहरु समावेश गरी संरक्षित भू-परिधी क्षेत्रको कार्ययोजना तयार गर्नु पर्नेछः-

(क) भौगोलिक, जलवायु र जनसंख्याको संरचना,

(ख) वन्यजन्तु, वनस्पति, वनको किसिम, पारिस्थिकीय प्रणाली, साँस्कृतिक विशेषता, वातावरणीय सेवा, परम्परागत व्यस्थापन प्रणाली र समूह,

(ग) सामाजिक र आर्थिक विशेषता,

(घ) जीविकोपार्जन तथा आर्थिक विकास

(ङ) कृषि वन पर्यापर्यटन उद्यम विकास,

(च) पूर्वाधार विकास,

(छ) सम्भावना र वाधा अडचनको विश्लेषण,

(ज) लक्ष्य र उद्देश्य

(झ) विषयगत क्षेत्रहरुको व्यवस्थापन योजना र कार्यान्वयन,

(ञ) वन पैदावारको उपयोग सम्बन्धी व्यवस्था,

(ट) योजना कार्यान्वयन संयन्त्र,

(ठ) अपेक्षित उपलब्धी र लाभको बाँडफाँट,

(ड) अन्य आवश्यक विषय।

७९. **<u>संरक्षित भू-परिधी व्यवस्थापन परिषद्को कोषको सञ्चालन</u>**: (१) संरक्षित भू-परिधी व्यवस्थापन परिषद्को कोष र खाताको सञ्चालन सो परिषद्ले तोकेको सो परिषद्को एक जना सदस्य र सदस्य-सचिवको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ।

(२) संरक्षित भू-परिधी व्यवस्थापन परिषद्ले आफ्नो आम्दानी र खर्चको अभिलेख र लेखा दुरुस्त राख्नु पर्नेछ।

(३) संरक्षित भू-परिधी व्यवस्थापन परिषद्को आम्दानी र खर्चको वार्षिक लेखापरीक्षण दर्तावाल लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम भएको लेखापरीक्षण प्रतिवेदनको एक प्रति आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र सम्बन्धित डिभिजन वन कार्यालय र स्थानीय तहमा पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(५) डिभिजनल वन अधिकृतले संरक्षित भू- परिधी व्यवस्थापन परिषद्ले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ।

## परिच्छेद-१३

## निजी जग्गामा वन विकास सम्बन्धी व्यवस्था

८०.**निजी वन दर्ता**: (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ६४ बमोजिमको सिफारिस लिनका लागि देहाय बमोजिमका कागजात संलग्न गरी अनुसूची-३६ बमोजिमको ढाँचामा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) निजी वन दर्ता गराउन चाहेको जग्गाको आफ्नो हक भोग र स्वामित्व रहेको आधारसहितको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

(ख) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको नवीकरण खुल्ने कागजात र संस्थाको भ्याट वा प्यान सम्बन्धी कागजात,

(ग) मालपोत तिरेको रसिदको प्रतिलिपि,

(घ) नापी कार्यालयले प्रमाणित गरेको नक्सा र फिल्डबुकको प्रतिलिपि,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले सो उपर आवश्यक जाँचबुझ गरी त्यस्तो निजी वन दर्ता गर्न उपयुक्त हुने देखेमा आफ्नो सिफारिस सहित निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ। यसरी जाँचबुझ गर्दा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले आवश्यकता अनुसार नापी कार्यालयको सहयोग लिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम पेश हुन आएको प्रतिवेदन सहितको सिफारिस पत्र समेतको आधारमा स्थानीय तहले त्यस्तो निजी वन दर्ता

गरी अनुसूची-३७ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(४) स्थानीय तहले दर्ता भएका निजी वनको अद्यावधिक लगत राख्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले निजी जग्गामा वृक्षारोपण गर्न तथा निजी वनको व्यवस्थापन गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(६) ऐनको दफा ६६ को उपदफा (१) बमोजिम घरायसी प्रयोजन र ऐनको दफा ६६ को उपदफा (२) बमोजिम व्यावसायिक प्रयोजनका लागि सम्बन्धित स्थानीय तहबाट अनुमति लिई निजी वनको वन पैदावार ओसारपसार गर्दा सम्बन्धित स्थानीय तहले त्यस्तो वन पैदावारमा पहिचान गर्न सकिने चिन्ह वा सङ्केत लगाई दिनु पर्नेछ।

(७) ऐनको दफा ६६ को उपदफा (१) बमोजिम घरायसी प्रयोजनका लागि एक जिल्लाबाट अर्को जिल्लामा र ऐनको दफा ६६ को उपदफा (२) बमोजिम व्यवसायिक प्रयोजनको लागि एक स्थानीय तहदेखि अर्को स्थानीय तहमा वन पैदावार ओसारपसार गर्दा खरिदकर्ताले डिभिजन वन कार्यालयमा भएको टाँचा तथा सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

८१. **निजी वनको व्यवस्थापनः** (१) निजी वन धनीले आफ्नो निजी वनको व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सक्नेछ र त्यस्तो कार्ययोजना तयार गर्न निजी वन धनीले प्राविधिक सहयोगको लागि डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयमा निवेदन दिएमा सम्बन्धित कार्यालयले प्राविधिक खटाई आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तयार गरेको कार्ययोजना डिभिजन वन कार्यालयको सिफारिस सहित सम्वन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ र स्थानीय तह तथा डिभिजन वन कार्यालयले त्यस्तो कार्ययोजना कार्यान्वयन गर्न आवश्यक सहयोग गर्न सक्नेछ।

(३) निजी वन धनीले औषधीजन्य सुगन्धित वा वहुउपयोगी र आर्थिक दृष्टिले तुलनात्मक लाभ भएका प्रजातिहरुको वृक्षारोपण गर्न चाहेमा आफूले लगाउन चाहेको प्रजाति र आवश्यक बिरुवाहरुको संख्या खुलाई सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन पर्न आएमा स्थानीय तहले डिभिजन वन कार्यालयसँग समन्वय गरी विरुवा उत्पादन गरी वा गर्न लगाई वा गुणस्तरीय बिरुवा खरिद गरी उपलब्ध गराउनु पर्नेछ र त्यस्तो वृक्षारोपणका लागि प्राविधिक सहयोग माग भएमा डिभिजन वन कार्यालयले आफू मातहतका सव डिभिजन वन कार्यालय मार्फत आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) प्रदेश सरकारले निजी वनको विकास र प्रवर्धनका लागि निजी वन दर्ता र वन पैदावारको मूल्याङ्कन गर्ने प्रयोजनका लागि लाग्ने प्राविधिकको खर्च वापतको रकम सम्बन्धित डिभिजन वन कार्यालयबाट उपलब्ध गराउने व्यवस्था गर्ने सक्नेछ।

८२.**निजी जग्गामा कृषि वन र जडीबुटी खेती सम्बन्धी व्यवस्था**ः (१) निजी वन धनीले निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा प्रचलित वातावरण सम्बन्धी कानून र जडीबुटी खेती तथा प्रशोधन सम्बन्धी अन्य प्रचलित कानूनमा तोकिएका मापदण्डको पालना गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा छिमेकी जग्गावालाको कृषि प्रणालीमा असर पार्ने कार्य गर्नु हुँदैन।

(३) निजी जग्गामा खेती गरिएका अनुसूची-३८ मा उल्लिखित काष्ठ, जडीबुटी तथा अन्य वन पैदावार अन्य कृषि उपज सरह सङ्कलन, बिक्री वितरण र ओसारपसार गर्न सकिनेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी जग्गामा लगाइएका सङ्कटापन्न वनस्पतिको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम हुनेछ।

८३.**<u>निजी वनमा वन्यजन्तु पालन गर्न सक्ने</u>**ः निजी वन धनीले प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी कानून बमोजिम निजी वनमा वन्यजन्तु पालन गर्न सक्नेछ।

## परिच्छेद-१४

## <u>सार्वजनिक जग्गाको वन र शहरी वन व्यवस्थापन सम्बन्धी व्यवस्था</u>

८४.**<u>जोखिमयुक्त रुखको व्यवस्थापन</u>**ः (१) वनक्षेत्र बाहेकका जग्गाधनी प्रमाणपुर्जा नभएका सरकारी कार्यालय, समिति, संस्थान, अन्य कार्यालय परिसरमा वा वनक्षेत्र बाहेकका बाटोमा छहारी पर्ने, चौतारा, पानीको मुहान, धार्मिक स्थल, सार्वजनिक स्थल वा अन्य स्थानमा जोखिम अवस्थामा रहेका रुख तत्काल नहटाएमा सो रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा देहाय बमोजिमको समितिको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले त्यस्तो रुख हटाउन अनुमति दिन सक्नेछः-

(क) डिभिजनल वन अधिकृत -संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ग) जिल्ला स्थित मालपोत कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) जिल्ला स्थित नापी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(च) सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(२) उपनियम (१) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजनल वन अधिकृतले सार्वजनिक सूचना जारी गरी लिलाम बिक्री गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बिक्री गरिएको वन पैदावारमध्ये काठ, दाउरा ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयको टाँचा र सिल लगाई ओसारपसार गर्नु पर्नेछ।

(४) कुनै प्राकृतिक कारणले रुख ढली वा बगेर गई कुनै सार्वजनिक बाटो, लोकमार्ग, विद्युत लाईन, खानेपानी, ढल निकास, कुलो वा खोला आदिमा अवरोध हुन गएमा डिभिजनल वन अधिकृतले सम्बन्धित निकायसँग समन्वय गरी तत्काल अवरोध हटाउनु पर्नेछ र प्रदेश वन निर्देशकलाई जानकारी गराई त्यस्तो रुख यथाशीघ्र सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(५) हवाई सुरक्षाका दृष्टिकोणले जोखिममा रहेका रुखको हाँगा काट्नु पर्ने वा रुख नै हटाउनु पर्ने अवस्था भएमा उपनियम (१) बमोजिमको समितिको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले हाँगा काट्न वा रुख हटाउन अनुमति दिन सक्नेछ।

८५. **कार्यालय परिसरमा रहेका रुख हटाउने सम्बन्धी व्यवस्थाः** (१) जग्गाधनी प्रमाणपुर्जा भएका सरकारी कार्यालय, समिति, संस्थान तथा अन्य कार्यालयको कार्यालय परिसरभित्र रहेका रुख सम्बन्धित कार्यालय वा निकायको अनुरोध र नियम ८४ को उपनियम (१) बमोजिमको समितिको सिफारिसको आधारमा डिभिजनल वन अधिकृतले हटाउन स्वीकृति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमका रुखको लिलाम विक्री सम्बन्धित निकायले गरी त्यसबाट प्राप्त राजश्व प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

८६. **सार्वजनिक जग्गाका रुख हटाउने सम्बन्धी अन्य व्यवस्थाः** (१) सार्वजनिक जग्गामा रहेका ऐनको दफा ९ को उपदफा (१) बमोजिमका तथा अन्य रुख विकास आयोजना सञ्चालनका लागि हटाउनु पर्ने भएमा रुख वा जग्गाको व्यवस्थापन गरिरहेको निकायले गरेको निर्णय र नियम ८९ को उपनियम (१) बमोजिमको समितिको सिफारिसको आधारमा डिभिजनल वन अधिकृतले त्यस्तो आयोजना सञ्चालन गर्ने कार्यालयलाई त्यस्ता रुख हटाउन स्वीकृति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजनल वन अधिकृतले नियम १९ बमोजिम लिलाम बिक्री गर्नेछ।

तर त्यस्तो सार्वजनिक जग्गा उपभोक्ता समूहबाट व्यवस्थापन भएको अवस्थामा त्यस्तो वन पैदावार उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु पर्नेछ।

८७. **सहरी वनको व्यवस्थापन**: (१) ऐनको दफा ६९ को उपदफा (१) बमोजिम स्थापना भएको सहरी वनमा वन विकास तथा व्यवस्थापनको लागि डिभिजनल वन अधिकृतसँग समन्वय गरी सहरी वन व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सहरी वन व्यवस्थापन योजना तयारीको लागि स्थानीय तहबाट सहयोग माग भई आएमा डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले प्राविधिक एवम् अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम तयारी भएको सहरी वन व्यवस्थापन योजना कार्यान्वयन गर्नु पूर्व मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको व्यवस्थापन योजनाको आधारमा स्थानीय तहले सहरी वनको विकास, संरक्षण तथा हेरचाह गर्न सम्बन्धित वडा कार्यालयलाई जिम्मा दिन वा प्रचलित कानून बमोजिम दर्ता भएका स्थानीयस्तरमा रहेका सङ्घ संस्था वा समूह उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद-१५

## विविध

८८. **बेवारिसे वा दरिया बुर्दी काठको बिक्री वितरण**: कसैको हकदावी नपुगेका वेवारिसी वा दरिया बुर्दी काठ डिभिजनल वन अधिकृतले नियम १९ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ। यसरी गरिएको लिलाम बिक्रीबाट प्राप्त रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

८९. **वनबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश सम्बन्धी व्यवस्था**: (१) कार्वन सञ्चिति बाहेकका अन्य वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश वितरण सम्बन्धित व्यवस्था संघीय वन ऐन तथा संघीय वन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

(२) निजी वातावरणीय सेवा प्रदायकको हकमा डिभिजन वन कार्यालयले आफ्नो वार्षिक **कार्यक्रममा** व्यवस्था भए बमोजिम वातावरणीय सेवा **वोलपत्र** (इनभाइरोमेन्टल सर्भिसेज टेण्डर) आव्हान गरी तोकिएका शर्त पुरा गरी वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने निजी वनको धनीलाई अनुदान वा अन्य प्रकारका भुक्तानीको व्यवस्था मिलाउन सक्नेछ।

९०.**<u>वन पैदावारमा आधारित उद्योगको दूरी तोक्ने</u>:** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वन पैदावारमा आधारित उद्योग र वनक्षेत्र बीचको दूरी तोक्न सक्नेछ।

९१.**<u>प्रतिबन्ध लगाउन सक्ने</u>:** ऐनको दफा ७८ को प्रयोजनको लागि अनुसूची-५, अनुसूची-६ र अनुसूची-७ मा उल्लिखित वन पैदावार मध्ये कुनै वन पैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरण र प्रदेश वाहिर निकासीका लागि प्रतिबन्ध लगाउन सकिनेछ।

९२.**<u>अनुगमन तथा मूल्याङ्कन</u>:** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रका सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, सार्वजनिक जग्गाको वन, सहरी वन, निजी वन लगायतका वन क्षेत्रसँग सम्बन्धित कार्यहरुको त्रैमासिक रुपमा अनुगमन, मूल्याङ्कन गरी सोको प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन निर्देशनालयले अध्ययन गरी आवश्यकता अनुसार डिभिजन वन कार्यालयलाई पृष्ठपोषण दिन सक्नेछ र त्यस्तो पृष्ठपोषण कार्यान्वयन गर्ने कर्तव्य सम्बन्धित डिभिजनल वन अधिकृतको हुनेछ।

(३) निर्देशनालयले प्रदेशभित्रका वन संरक्षण, व्यवस्थापन, सदुपयोग, वन मुद्दा सम्बन्धी विवरणका साथै प्रशासन तथा विकास कार्यहरुको अनुगमन सूचक वनाई त्यस्ता सूचकको आधारमा अनुगमन गरी त्यसको प्रतिवेदन बार्षिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) मन्त्रालयले उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनको अध्ययन गरी आवश्यकता अनुसार निर्देशनालय र डिभिजन वन कार्यालयलाई आवश्यक पृष्ठपोषण दिन सक्नेछ।

९३. **राहत सम्बन्धी व्यवस्था**: वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारी घाइते भएमा वा मृत्यू भएमा प्रदेश सरकारले पीडित पक्षलाई उचित राहत र घाइतेको नि:शुल्क उपचारको व्यवस्था मिलाउनेछ।

९४. **प्रतिलिपि लिन सकिने**: (१) यस नियम बमोजिम प्राप्त गरेको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिनु परेमा त्यस्तो प्रमाणपत्र जारी गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सम्बन्धित निकायले देहाय बमोजिमको दस्तुर लिई त्यस्तो प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछः-

(क) सामुदायिक वन उपभोक्ता समूह दर्ताको प्रमाणपत्र -पच्चीस रुपैयाँ

(ख) सामुदायिक वन हस्तान्तरण प्रमाणपत्र -पच्चीस रुपैयाँ

(ग) गरिबीको रेखामुनिका जनताको लागि उपलब्ध गराइएको कबुलियती वनको प्रमाणपत्र -पच्चीस रुपैयाँ

(घ) धार्मिक वन दर्ताको प्रमाणपत्र -पाँच सय रुपैयाँ

(ङ) निजी वन दर्ताको प्रमाणपत्र -पच्चीस रुपैयाँ

(च) सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न दिइएको प्रमाणपत्र -एक सय रुपैयाँ

(छ) काठ, दाउरामा आधारित उद्योग सूचीकृत प्रमाणपत्र -एक हजार रुपैयाँ

(ज) यस नियमावली बमोजिमको अन्य प्रमाणपत्र -एक हजार रुपैयाँ

आन्तरिक मामिला तथा कानून मन्त्रालय

